# परिच्छेद - एक
# परिचय

## १.१. अध्ययनको पृष्ठभूमी

एउटा समाजको संरचना नारी र पुरुषबाट वनेको हुन्छ । समाजमा महिला र पुरुषको समान दायित्व र अधिकार रहेको हुन्छ । तर समाजमा पुरुषको हैसियत महिलाको भन्दा उच्च रहेको देखिन्छ । नेपाली समाज एक पितृसतात्मक समाज हो । त्यसैले यहांका पुरुषहरु आर्थिक सामाजिक रुपले वलिया छन् । जसको तुलनामा महिलाहरु साह्रै नै कमजोर रहेका छन् ।

विश्वको कुल जनसंख्याको आधा हिस्सा महिलाहरुले ओगटेका भएतापनि उनीहरुले समाज तथा राष्ट्रको विकासमा समान सहभागिता देखाउन सकि रहेका छैनन । हुनत मानव जातिको संरचना नारीबाट भएको हुन्छ । किनकी नारी विना घर परिवार समाज राष्ट्र र विश्व समेत चल्न असम्भव हुन्छ । त्यसैले देश विकासमा पुरुषको जति देन रहेको हुन्छ महिलाको पनि उतिकै देन रहेको हुन्छ । त्यसैले नारी र पुरुष एक अर्काका परिपुरक मात्र नभई एक सिक्काका दुईपाटा हुन् । एक विना अर्काको अस्तित्व कायम रहन सक्दैन ।

श्रृष्टिको शुरुदेखि नै महिला र पुरुष दुवैको कामको बांडफांड भएको पाईन्छ । पुरुष शारीरीक रुपमा वलियो हुने भएकोले उसले खानेकुरा संकलन गरेर ल्याउने शिकार खेल्ने र आफ्नो परिवारको सुरक्षा गर्ने काम गर्दथे भने महिलाहरुले पुरुषहरुले संकलन गरेर ल्याएको आहारालाई पकाएर खुवाउने, आफनो वासस्थान र बालबच्चाको हेरविचार गर्ने आदि काम गर्दथे । त्यसैले हरेक परिवार तथा सामाजिक संरचना त्यहां वसोवास गर्ने महिला र पुरुषको संयुक्त योगदानवाट नै चलेको हुन्छ । एक विना अर्काको अस्तित्व सम्भव हुंदैन । तर यसो हुंदा हुंदै पनि हाम्रो समाजले महिलालाई दोश्रो दर्जाको रुपमा व्यवहार गरेको छ र पुरुषको दांजोमा महिलाहरु संधै पछाडी परेका छन् तर यस्तो अवस्थामा अन्य विकसित देशहरुमा रहेको पाईदैन । विश्वका विकसित देशहरु जस्तै अमेरीका वेलायत जापान आदिमा महिलाहरुको सामाजिक आर्थिक अवस्था पुरुषको सरह नै छ । उनीहरु पुर्ण स्वतन्त्र रुपले काम गर्न सक्दछन् । उनीहरुले आफ्नो हकहितको लागि धेरै पहिला देखि आवाज उठाएका छन् । त्यहां धर्म र परम्पराको नाममा महिलाहरु माथि शोषण हुंदैन पुरुष र महिला एक अर्काका साथी र सहयोगीको रुपमा रहेका हुन्छन् विकासका हरेक क्षेत्रमा महिला र पुरुष दुवैको समान सहभागिता हुन्छ । कुनै पनि अन्धविश्वास वा रुढीवादी जस्ता धार्मिक कुरीतिहरुले विकसित देशमा महिलाहरुलाई बांधेको हुंदैन । विकसित देशका महिलाहरुले पनि कुनै समस्याको समाधान नै गर्नु पर्दैन भन्न खोजिएको चांही पक्कै होईन उनीहरुको पनि आफ्नै समस्या त हुन्छन् तर ति समस्या केवल अन्य मुलुकको तुलनामा नगन्य रुपमा रहेको हुन्छ । विकासोन्मुख मुलुकहरुमा महिलाको स्थिती विकसित राष्ट्रहरुको महिलाहरुको ठिक विपरित छ ।

हिन्दु धर्म शास्त्रले नारीलाई शक्ति, विद्या र धनकी देवीको रुपमा पुजा गर्ने परम्परा छ । भनिन्छ जुन घरमा नारीको आदर हुन्छ त्यस घरमा देवताको वास हुन्छ । नारी विनाको घर मसानघाट जस्तो हुन्छ । धार्मिक रुपमा जननी जन्मभुमी अथवा देवी जस्ता विभिन्न उपमा दिंदै आएता पनि हाम्रो हिन्दु समाजमा नारीको स्थान आर्थिक वा सामाजिक रुपमा उच्च छ भन्न सक्ने

स्थिती छैन । भारत र नेपाल जस्ता हिन्दु राष्ट्रहरुमा महिलाहरुको स्थिती हेर्दा धेरै जसो ग्रामीण क्षेत्रतिर चलेको "छोरा जन्मे खशी छोरी जन्मे फर्सि" भन्ने लोकोक्तिले पनि प्रष्ट गर्दछ । त्यसैले छोरीको जन्म हारेको कर्म र अर्को जन्ममा मानव भएर जन्मनु परे छोरा भएर जन्मियोस भन्ने जस्ता प्रचलित भनाईले यहांका महिलाहरुको मनस्थितीलाई प्रष्ट्याएको छ । महिलाहरुलाई अर्काको घरको भित्ता टाल्ने जात भनेर पुरातन सोचाइमा धेरै वोझको रुपमा हेरिने भएकोले उनीहरु संधै अरु ब्यक्ती मार्फत परिचित गराइन्छन् । आफ्नो छुट्टै पहिचान हुंदैन अर्थात संधै अरुको भरमा बाँच्नुपर्छ , सानो भए सम्म आमावुवाको संरक्षणमा जवानीमा श्रीमानको र वुढेसकालमा छोराको अधिनमा बाँच्नु पर्छ भन्ने कहावतले धेरै हद सम्म जरो गाडेको पाइन्छ ।

नेपालको सन्दर्भमा महिलाहरुको सामाजिक आर्थिक स्थिती अत्यन्त कमजोर रहेको पाईन्छ । महिलाहरु खाली पुरुषको परि पुरक र सहयोगीको रुपमा हेरिनुको सट्टा पुरुषको चरणको दासीको रुपमा हेरिन्छन् । उनीहरु माथि गरिने अत्याचारको सिमा हुंदैन कतिपय नेपाली भुभागमा दाइजो कम ल्याउने वुहारीलाई हेयको दृष्टिले हेरिन्छ । यसरी नेपाली ग्रामीण समाजका महिलाहरु कठिन सामाजिक र आर्थिक स्थितीमा जीवन गुजार्न वाध्य छन् ।

नेपाली समाजमा महिलाको भुमीका घरपरिवार हेर्ने र खेतीपातीमा नै बाँधिएको छ । सरदर महिलाले दिनको १३/१४ घण्टा काम गर्दछन् भने पुरषले ८/९ घण्टा मात्र काम गरेका हुन्छन् । घरमा वनेको मिठो पोषिलो खानेकुरामा सवैभन्दा वढी हक पुरुषको रहेको हुन्छ । अर्थात घरमा पुरुषले खाईसकेपछि मात्र बांकी खाना महिलाहरुले खान पाउंदछन् जसले महिलाको स्वास्थ्य पनि राम्रो हुंदैन ।

राष्ट्रको कुल जनसंख्याको ५०.०५% जनसंख्या ओगटेका महिलाहरुको नाममा सामान्यतया कुनै पनि सम्पत्ती नभएको कारण परिवार र समाजमा उनीहरुको कुनै मुल्य मान्यता रहेको पाईदैन महिलाको योगदानलाई हेर्ने स्पष्ट नीती नभएको कारण देशको कुल ग्राहस्थ उत्पादनको स्थिती ज्यादै न्यून मात्रामा देखिन्छ । परिवारमा महिलाको अवस्था अध्यन गर्दा वैवाहिक स्थितीलाई अध्ययन गर्नु पर्ने हुन्छ । महिलाहरु पछाडी पर्नुको मुख्य कारण छिटो विवाह हुनु पढ्न लेख्ने अवसर नपाउनु तथा उत्पादन प्रकृयामा सहभागिता हुन नपाउनु हो । कानूनले महिलाको विवाह योग्य उमेर १८ बर्ष तोकेको भएतापनि ब्यवहारमा यो भन्दा कम उमेरमा नै अधिकांक्ष महिलाहरुको विवाह हुने गरेको देखिन्छ । नेपालको सन्दर्भमा एक महिलाले ४.१ वच्चा जन्माउने गरेको देखिन्छ । (राष्ट्रिय जनगणना २०५८) त्यसैले महिलाहरुको धेरै समय वच्चा जन्माउने हुर्काउने र घरभित्रको कामकाजमा वित्ने हुनाले उनीहरुको सामाजिक स्तर उकास्ने समय कम पाएको देखिन्छ ।

नेपालको वर्तमान सामाजिक संरचनामा महिलाहरुको भुमिका र स्थितीलाई हेर्दा विगतको तुलनामा धेरे सुधार भैसकेको पाईन्छ । विकासका हरेक क्षेत्रका समान रुपमा सहभागी वनाउने हेतुले नै लैंगिक समानता महिला विकास तथा सशक्तिकरण जस्ता अवधारणहरु नेपालको सन्दर्भमा मात्र नभई विश्व परिप्रेक्षमा नै स्थापित भएको देखिन्छ । महिलाकै विकास र सशक्तिकरणको उदेश्य लिएर संयुक्त राष्ट्र संघ द्वारा महिला सम्वन्धि विश्व सम्मेलनहरु हुंदै आई रहेका छन् । सन १९७५ मा सर्वप्रथम अन्तराष्ट्रिय नारी बर्षका रुपमा शुरु गरिएको अभियान तथा नारी विकास दशकले आत्मसाथ गरेको समानता विकास र शान्तिको वहु आयामिक उदेश्यलाई निरन्तरता प्रदान गर्न संयुक्त राष्ट्र संघवाट मेक्सिको अयोजना गरिएको पहिलो अन्तराष्ट्रिय महिला सम्मेलन, कोपनहेगनमा सन १९८० मा भएको दोश्रो नैरोवीमा, सन् १९८५ मा भएको तेश्रो तथा वेईजिङ्गमा सन १९९५ मा

भएको चौथो विश्व महिला सम्मेलनबाट पारित प्रस्तावहरुलाई सहभागिता ब्यापकता वस्तुपरकता र गहनता का दृष्टिले सान्दर्भिक महत्वपुर्ण र अद्वितिय मानिएको छ । वहुआयामिक सहभागिता कार्य दृष्टिकोणका कारण वेईजिङ्ग कार्ययोजना विश्वमा लैंगिक समानता र महिला सशक्तिकरणका लागि एक वलियो र भरपर्दो आधार भएको पाईन्छ । यसैले सवै राष्ट्रहरुमा सकारात्मक परिवर्तनको महसुस गर्न सकिने पर्याप्त आधार निर्माण गरेको छ ।

देशको सन्तुलित विकासमा महिला विकासको महत्वलाई आत्मसाथ गरी नेपाल सरकारले छैटौं योजनामा महिला विकासका कार्यहरु र सातौं योजनामा महिला विकास नितीहरु छुट्टै उल्लेख गरी नीतीगत र कार्यगत प्रयास गरेको हो । यसैगरी अन्तराष्ट्रिय  महासंन्धीहरुको घोषणापत्रका प्रावधान र अन्तराष्ट्रिय महिला सम्मेलनहरुमा ब्यक्त गरिएको प्रतिवद्धतालाई दृष्टिगत गर्दै नेपालको अन्तरिम संविधान २०६३ ले महिला विकासका लागि विशेष ब्यवस्था गर्न सकिने प्रवधान राखेको छ । पैत्रिक सम्पत्तिमा महिलाको अधिकार, प्रजनन स्वास्थ्य अधिकार, यौन शोषण विरुद्धको अधिकार, विवह तथा सम्वन्ध विच्छेदमा समान अधिकार दिलाउने समेतका ब्यवस्था मुलुकी ऐन २०२० मा एघारौं संशोधन समेत भएको छ । जिउ मास्ने वेच्ने कार्य (नियन्त्रण) विधेयक र घरेलु हिंसा नियन्त्रण सम्वन्धी विधेयक समेत तर्जुमा गरिएका छन् । महिला विरुद्धका भेदभावपुर्ण कानूनहरु पुनरावलोकन गरी प्रतिवेदन समेत नेपाल सरकारलाई गरि सकेको छ । शिक्षा, स्वाथ्य, राजनिती, आर्थिक, रोजगारी, चेतना जागरण आदि क्षेत्रमा हरसम्भव अनुभव गर्न सकिने उपलब्धि भएका छन् । यि सवै उपलब्धीहरुका साथै संविधान र मुलुकी ऐन समेतमा ब्यवस्था गरिएको कानूनी ब्यवस्थाले महिलालाई पुरुष सरह समान अधिकार प्रदान गरेको छ तर ब्यवहार परिवर्तन भै नसकेको स्थिती विद्यमान छ । योजना तर्फ पनि छैटौं, सातौं र आठौं पन्च वर्षिय योजनामा महिला विकास सम्वन्धी खास उपलब्धी हासिल गर्न नसकेको उल्लेख गर्दै विकासमा महिला नीती अन्तर्गत सेवाको विस्तार, महिला कृषक सहभागिता, उद्योगमा महिला सहभागिता र ग्रामिण महिलाहरुको आर्थिक स्थितीमा सुधार ल्याउन संचालित उत्पादन ऋृण कार्यक्रम र साना किसान महिला विकास जस्ता नीतीहरु समावेश गरिएको थियो । नवौ पञ्चवर्षिय योजनामा महिलालाई विकासका विभिन्न क्षेत्रमा सकृय सहभागी वनाउने उदेश्य अनुरुप विभिन्न नीतीहरुमा महिलालाई राष्ट्रिय विकासको मुल प्रवाहमा समाहित गर्ने लैंगिक भेदभाव हटाउने महिला सशक्तिकण गर्ने जस्ता नीतीहरु अवलम्वन गरिएको छ । यसै गरी दशौं योजनाले पनि महिलाको सम्पत्तीमा पहुंच न्यून भएको सन्दर्भमा सरकारी स्तरवाट वितरण गरिने श्रोत र साधनको बांडफांडमा महिलालाई समान र आवश्यकता अनुसार विशेष अधिकार दिईने नीति लिईएको पाईन्छ ।

निरपेक्ष गरिवीको रेखामुनी रहेका विपन्न वर्गका ग्रामिण महिलाहरुलाई देश विकासको हरेक पक्षमा समान एवं प्रत्यक्ष रुपमा सहभागी गराई चेतनाको अभिबृद्धि गर्ने अर्थोपार्जन सामुदीयिक विकास र तालिम कार्यक्रमको माध्यमवाट अन्धविश्वासको भावना जगाई विभिन्न किसिमका आयमुलक कार्यक्रमहरु संचालन गरी उनीहरुको आर्थिक तथा सामाजिक स्तर माथि उठाउने प्रमुख उदेश्य महिला विकास विभागको रहेको पाईन्छ । सोहि उदेश्य अनुरुप विकास विभागको रहेको पाईन्छ । सोहि उदेश्य अनुरुप अर्थात उक्त उदेश्यलाई परिपुर्ति गर्न २०३९ सालमा अधिराज्यका स्यांजा, तनहुं, धादिंग, नवलपरासी र सुर्खेत गरी ५ वटा जिल्लाबाट दातृ संस्था युनिसेफको

सहयोगमा महिला विकास कार्यक्रमको प्रारम्भ भयो हाल यो कार्यक्रम ६७ जिल्लाहरुमा विस्तार भएको छ । यस कार्यक्रमको मुख्य लक्ष्यनै गरिवीको रेखामुनी रहेका महिलाहरुको आर्थिक तथा सामाजिक स्थितीमा सुधार ल्याई राष्ट्रिय विकासको मुल प्रवाहमा सक्रिय रुपले सहभागी गराउने हो । यसरी महिलाहरुको आर्थिक र सामाजिक स्तर उठाउने थुप्रै प्रयासहरु भएतापनि नेपाली समाजमा परम्परादेखी जरो गाडेको धार्मिक र सांस्कृतिक परम्पराले ग्रमीण महिलाहरु अझैपनि पूर्ण स्वतन्त्र हुन सकिरहेका छैनन तसर्थ यो अध्ययनमा पनि गोदावरी गाउं विकास समितिका तामाङ्ग जातिका महिलाहरुको वारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । ब्यवहारमा सम्पत्ती माथि उनीहरुको कुनै हक अधिकार रहेको छैन । उनीहरुलाई पुरुषको सेवीका, चरणको दासीको रुपमा लिईन्छ । उनीहरुलाई पुरुषभन्दा तल्लो स्तरको मानिन्छ र समाजमा दवाएर राखिन्छ । उनीहरुलाई आफ्नो विचार ब्यक्त गर्ने अवसर दिईदैन । त्यसै गरी महिलाहरुको उत्थानको लागि त्यस गा.वि.स. का महिला विकास कार्यक्रम लागु भएको छ तर त्यस कार्यक्रमले पनि सो वडाको महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन गराउन खासै भूमीका खेल्न सकेको छैन । अझैपनि धार्मिक अन्धविश्वास र सामाजिक कुसंस्कार ग्रसित नै छन् । त्यसैले महिलाहरु बालविवाह, वहुविवाह, यौन शोषण, घरेलु हिंसाका शिकार हुनु परेको छ । जसले गर्दा महिलाहरुको जीवन दयनिय देखिन्छ । शिक्षा स्वास्थ्यको स्थिती पनि निकै कमजोर रहेको छ । त्यसकारण सकेसम्म विश्वसनीय स्पष्ट र यथार्थ रुपले ती विभिन्न विषयहरुलाई समेटेर यस गोदावरी गाउं विकास समितिमा वसोवास गर्ने तामाङ्ग जातिका महिलाहरुको सामाजिक र आर्थिक अवस्थालाई हेर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

मावन जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरुको सामाजिक र आर्थिक अवस्था कमजोर रहेको छ । उनीहरुको सामाजिक र आर्थिक अवस्था परिवर्तन गराउन नेपाल सरकार एवं विभिन्न गैर सरकारी संस्थाहरु निरन्तर लागि परेका छन्  तैपनि उनीहरुको उत्थान हुन सकिरहेको छैन । महिला र पुरुष वीच विभेद कायमै छ । वि.सं २०५८ सालको जनगणना अनुसार नेपालको जनसंख्याको ५०.५०% महिलाहरुको रहेको छ । यसरी महिलाहरु सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा पछाडी पर्नुको कारण उनीहरु घरदेखि वाहिरको काममा संलग्न नहुनु शिक्षा स्वास्थ्य र रोजगारीको अवसरबाट बन्चित  हुनु तथा खाना पकाउने, लुगा धुने, घर सफा गर्ने, बच्चा हेर्ने जस्ता अदृष्य मुल्य नपाउने काम मात्र गर्नाले हो । वास्तवमा भन्ने हो भने आर्थिक अवस्था सुदृढ वनाउन महिलाहरुले पुरुषहरुको भन्दा वढी परिश्रम र मिहिनेत गर्दछन् तर महिलाहरुले गरेको अदृष्य कार्यहरुको कुनै पनि मुल्यांकन गरिदैन । यसको अलावा उनीहरुको भूमिकालाई सहायकको रुपमा राखिन्छ । तर परिवारको आर्थिक अवस्था परिवर्तन गराउनमा उनीहरुको भूमीका मुख्य रहेको हुन्छ ।

त्यसैगरि राष्ट्रिय विकासमा पनि महिलाहरुको भुमिका पुरुषको समान रहेको छ । नेपालमा पञ्चवर्षिय योजनाको शुरुवात २०१३ सालदेखि भएको हो तर विकासमा महिलाको भूमीकालाई पहिलोपल्ट छैटौं योजनामा समावेश गरिएको थियो । सातौं योजनामा ग्रामिण महिलाको अवस्थामा सुधार गर्ने नीती वनाईयो । आठौं तथा नवौं योजनामा महिलाहरुलाई विकासको मुल धारमा ल्याई विकासका हरेक क्षेत्रमा समान सहभागिता गराउने नीती लिएको पाईन्छ । त्यस्तै दशौं योजनामा

महिलाहरुको सम्पत्तीमा पहुंच न्यून भएको सन्दर्भमा सरकारी स्तरवाट वितरण गरिने श्रोत साधनको बांडफांड महिलालाई समान र आवश्यक्ता अनुसार विशेष अधिकार दिईने नीति लिईएको छ । तर व्यवहारमा विभिन्न परम्परागत मुल्य मान्यताााई अझ पनि महिलाहरुलाई अगाडी वढ्न वाधा पुर्याई रहेको छ । नीति निर्माणको तहमा महिलाहरुको सहभागिता हालसम्म पनि रहेको पाईदैन ।

वास्तवमा हेर्ने हो भने महिलाहरु कृषि कामदेखि लिएर घरको सम्पुर्ण कामहरु पुरुषको तुलनामा वढी परिश्रम गर्दछन् । उनीहरु घरको कामदेखि लिएर उत्पादनशील कार्यमा सुर्य उदाएदेखि नअस्ताए सम्म काम गर्दछन् । तर पनि उनीहरुको सामाजिक तथा आर्थिक अवस्था कमजोर रहेको छ र उनीहरु पछाडी परेका पनि छन् । यसै सन्दर्भलाई ध्यानमा राखेर यो शोधपत्र गोदावरी गा.वि.स. का तामाङ्ग जातिका महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको वारेमा अध्ययन गरिएको छ । यस अध्ययनको लागि तल उल्लेखित अनुसन्धान प्रश्नहरुको उत्तर पत्ता लगाउने प्रयास गरिएको छ ।

(१) वर्तमान समयमा गोदावरी गा.वि.स. का तामाङ्ग जातिका महिलाहरुको सामाजिक तथा साँस्कृतिक अवस्था कस्तो छ ?

(२) तामाङ्ग जाति महिलाहरुको आर्थिक अवस्था कस्तो छ ?

(३) पारिवारिक निर्णय प्रकृयामा उनीहरुको संलग्नता र भुमिका लाई किन नगण्य रुपमा लिईन्छन् ?

## १.३. अध्ययनको उद्देश्य

गोदावरी गा.वि.स. का तामाङ्ग जाति महिलाहरुको सामाजिक, सास्कृतिक तथा आर्थिक अवस्था पत्ता लगाउनु नै यस अध्ययनको मुख्य उदेश्य रहेको छ । यस अध्ययनका विशिष्ट उदेश्यहरु यस प्रकार रहेका छन् ।

(१) गोदावरी गा.वि.स. का तामाङ्ग जाति महिलाहरुको सामाजिक तथा साँस्कृतिक अवस्थाको वारेमा अध्ययन गर्ने ।

(२) त्यस गा.वि.स.का तामाङ्ग जाति महिलाहरुको आर्थिक अवस्थाको अध्ययन गर्ने

(३) पारिवारिक निर्णय प्रकृयामा उनीहरुको संलग्नता अवस्थाको अध्ययन गर्ने ।

## १.४. अध्ययनको महत्व

यस अध्ययनले सम्पुर्ण तामाङ्ग जाति महिलाहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक स्थितीलाई प्रकासमा ल्याउन त सक्दैन तर पनि यस अध्ययन क्षेत्र गोदावरी गा.वि.स. मा वसोवास गर्ने तामाङ्ग जाति महिलाहरुको सामाजिक सास्कृतिक तथा आर्थिक स्थितीको वारेमा भने अवश्य पनि जानकारी लिन सकिन्छ । यस अध्ययनवाट गोदावरी गा.वि.स. को जन साख्यिकिय विवरण तथा त्यहांको तामाङ्ग जाति महिलाहरुको जनजीवन र सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको प्रभाव वारे जानकारी पाउन सकिने भएकोले यसैको सेरोफेरोमा यस अध्ययनको महत्व रहेको छ साथै यस अध्ययननले भविष्यमा यसै विषयसंग समवन्धित अध्ययन गर्न चाहने अनुसन्धानकर्ता तथा समाज शास्त्रीहरुलाई केही मात्रामा भएपछि सहयोग गर्ने छ ।

## १.५. अध्ययनको संगठन

यस अध्ययनलाई जम्मा सात अध्यायमा विभाजन गरिएकोछ । पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमी, समस्याको कथन, उद्देश्य,अवधारणात्मक प्रारुप, महत्व  र अध्ययनको संगठन रहेको छ ।

त्यसैगरि अध्याय दुईमा सम्वन्धित साहित्यको अध्ययन रहेको छ जसमा तामाङ्ग जातिका महिलाहरुको सामाजिक सास्कृतिक तथा आर्थिक अवस्थासंग सम्वन्धित लेख रचना सन्दर्भ सामग्री तथा सन्दर्भ साहित्यको समिक्षा गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान ढांचा अध्ययन क्षेत्रको छनौ्ट, औचित्य, समग्रता र नमुना छनौ्ट, तथ्यांको श्रोत र प्रकृति, तथ्यांक संकलन विधिहरु, तथ्यांकको विश्लेषण, प्रस्तुतीकरण र अध्ययनको सीमा रहेका छन् ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय रहेको छ । यस अन्तर्गत अध्ययन क्षेत्रको सामान्य परिचय गोदावरी गा.वि.स. को नामाकरण तथा वडा विभाजन जनसांख्यिक स्थिती जलवायु तथा तापमान, प्राकृतिक श्रोत, तामाङ्ग जातिको सामान्य परिचय, उत्पत्ति र थर प्राप्ती, नेपालमा आगमन अध्ययन, क्षेत्रमा आगमन तथा जनसंख्या र विवरणको वारेमा संक्षिप्त वर्णन गरिएको छ ।

अध्याय पांचलाई सामाजिक अवस्था नामाकरण गरी त्यस अन्तर्गत उत्तरदाता महिलाहरुको जनसंख्या, परिवारको किसिम, परिवारको आकार, विवाह, शैक्षिक अवस्था, स्वाथ्य स्थिती, प्रजनन विवरण, परिवार नियोजन, संस्थागत तथा समुहगत संलग्नता, राजनैतिक अवस्था एवं पारिवारिक निर्णय प्रकृयामा महिलाको स्थान आदिको वारेमा ब्याख्या तथा विश्लेषण गरिएकोछ ।

अध्याय छ मा उत्तरदाता महिलाहरुको आर्थिक अवस्थाको वारेमा ब्याख्या तथा विश्लेषण गरिएको छ । जस अन्तर्गत उत्तरदाता महिलाहरुको पेशाको अवस्था भु स्वामित्वको स्थिती एवं पारिवारिक वार्षिक अम्दानी तथा खर्चको वारेमा अध्ययन गरिएको छ ।

अध्याय सात मा अध्ययनको सारांश, विष्लेशण तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद - दुई
# सम्वन्धित साहित्यको अध्ययन

## २.१: पुर्व साहित्यको समिक्षा

तामाङ जाति हिमालय पर्वतको मध्यवर्ती खण्डको एक प्रमुख जाति हो । तामाङहरुको मुख्य घना आवादी भएको मुलुक नेपाल हो । आधुनिक राज्यहरुको निर्माण हुनु भन्दा पहिले यस क्षेत्रमा तामाङहरुको स्वतन्त्र स्वशासित भू-क्षेत्रहरु थिए । तर आधुनिक रज्यहरुको निर्माणसंगसंगै तामाङहरुको पुर्ख्यौली क्षेत्रहरु विभिन्न देशहरुमा विभाजित भयो । (तामाङ,परशुराम,२०६३)

साङपोनदी दक्षिण खासगरी केरुङ-कुतीदेखि महभारत पहाडसम्मको भूभाग आदिकालदेखि तामाङ जातिका मूल थलो हुन्,यसलाई तिब्बती भाषामा माङ्युल,भारतिय भाषामा मिश्रित रामाङ भषामा तम्सालिङ(तामाङ भू-क्षेत्र) भनिन्छ । तामाङका बस्तिहरु पातलिंदै नेपालदेखि म्यान्मार(बर्मा) सम्म फैलिएका छन् । यस क्षेत्रका राज्यहरुको सीमा रेखाहरु कोरिएपछि तामाङहरु नेपाल,भारत,भुटान,म्यानमार,तिब्वत आदि देशहरुमा बाँडिएका छन् । वर्तमान अवस्थामा आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापन,जनसंख्या विस्तार र बसाईंसराई, वाह्य साँस्कृतिक अतिकमण,भेदभाव,भूमण्डलीकरण,शहरीकरण आदि कारणले तामाङहरु विश्वको विभिन्न कुनमा वढ्दो मात्रामा फैलिने क्रममा देखिन्छन् । (तामाङ,परशुराम,२०६३)

पाषणयुगीय मंगोलियनहरु तिब्वत र हिमालय पार गरी नेपाल आईपुगेको र इसापूर्व ३०,००० वर्ष भन्दा पहिले देखिनै मंगोलहरु काठमाण्डौं उपत्यकामा आवाद रहेको अनुमान गरिएको छ । यसवाट काठमाण्डौंमा सवभन्दा पहिले मंगोल मूलका मानिसहरुले बसोवास गरेका थिए र ती मानिसहरु तामाङ नै थिए भन्ने वलियो प्रमाण दिन्छ (शर्मा,जनकलाल,सं २०३९: ३५९-३६४) धेरै विद्वानहरुले काठमाण्डौं उपत्यकाको पहिलो वासिन्दा तामाङ हुन् र उपत्यकामा पछि प्रवेश गरेका समुदायहरुसंग पराजित भए पश्चात् तामाङहरुले काठमाण्डौं उपत्यकाको काँठ र वरिपरिको पर्वतिय क्षेत्रमा वसोवास गर्न थालेका हुन्।(तामाङ परशुराम,२०५१)अहिले पनि तामाङहरुको घना आवादी यसै क्षेत्रमा रहोको छ । बाह्रौं शताब्दीको ऐतिहासिक अभिलेख अनुसार तामाङ जातिको नाम समेत यही क्षेत्र(वर्तमान नेपाल)मा प्रचलित भएको थियो ।(तामाङ परशुराम,२०५१)

राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालमा तामाङहरुको कूल जनसंख्या १२,८२,३०४ रहेको छ । नेपालमा तामाङहरु कूलजनसंख्याको ५.६ प्रतिशत अर्थात् जनसंख्याको हिसावले ५औं ठूला जाति हुन ् । राज्यले मान्यता दिएको ५९ वटा आदिवासी जनजातिमध्ये तामाङले जनजाति संख्यामा १५.७१ प्रतिशत स्थान अर्थात् तेश्रो ठूलो स्थान ओगटेको छ । त्यस्तै,तमाङहरु कूल बौद्ध जनसंख्याको ४८.६२ प्रतिशत छन् र पहिलो ठूलो बौद्ध समुदाय भएकोमा गर्व राख्दछन् । भाषाका दृष्टिले तामाङ भाषा नेपालकै ९३ वटा भाषा समुदायमध्ये चौथो ठूलो र चिनिया-भोट वर्मेली भाषा परिवारमा पहिलो ठूलो समुदाय हो । (तामाङ,परशुराम,२०६३)

तामाङको शिशु मृत्यु दर प्रतिहजार १४२ जना तथा बाल मृत्युदर ९८ जना र आयु दर ५२.२ रहेको देखिन्छ । जुन अन्य जात जाति वहुन क्षेत्री र नेवार को भन्दा कमै देखिन्छ । नेपालको कूल जनसंख्याको ३१ प्रतिशत मानिसहरु गरिबको रेखामुनी अर्थात् अन्तराष्ट्रिय मापदण्ड अनुसार दिनमा १ डलर भन्दा कम कमाउनेहरु गरिबीको रेखामुनी पर्दछन् । त्यस समुहमा तामाङहरुको हिस्सा ६१ प्रतिशत छ ।  ३४.४० प्रतिशत तामाहरुमात्र लेखपढ गर्न जान्दछन् । ३८.१० प्रतिशत स्कूल जाने उमेरका तामाङ बालवालिका विद्यालय जाँदैनन् । स्कुल गएका मध्ये १७.३ प्रतिशतले माध्यामिक शिक्षा उत्तिर्ण गर्दछन् ।(दशौं योजना, रा.यो.आ.)

जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरुको उत्थानको लागि नेपाल सरकार एवं विभिन्न गैर सरकारी संस्थाहरुले महिला विकास सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दा पनि महिला विकास सम्वन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्दा पनि उनीहरुमा सामाजिक र आर्थिक अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन । यसका अलावा विभिन्न विद्वानहरुले पनि तामाङ महिलाहरुको सामाजिक आर्थिक अवस्थाको अध्ययनमा आफ्ना थुप्रै समय खर्चिएका छन् । त्यसैले यस अध्ययनमा तामाङ महिलाहरुको सामाजिक आर्थिक अवस्थाको सम्वन्धमा गरेका अध्ययन अनुसन्धान विश्लेशणहरुलाई पुनरावलोकन गर्ने प्रयास गरिएकोछ ।

कुनै पनि देश विकास हुनका लागि त्यस देशको शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायतका अन्य पुर्वाधारहरुको विकास हुनु आवश्यक हुन्छ । जसको लागि उचित शिक्षाको आवश्यक पर्दछ । वास्तवमा कुनै पनि ब्यक्ति विशेषमा उचित शिक्षा भएन भने उसले सामाजिक आर्थिक सांस्कृतिक र अन्य कुनै पनि पक्षमा आफ्नो महत्वपुर्ण सहभागिता देखाउन सक्दैनन । देशको विकासको लागि महिलाको सामाजिक, आर्थिक विकास हुनुमा शिक्षाले पनि महत्वपुर्ण भूमिका खेलेको हुन्छ । नेपालमा कुल जनसंख्याको जम्मा ४२.५% महिला र ६५.१% पुरुष साक्षर रहेका छन् भने जनसंख्याको केवल ७.८%.ले मात्र नागरिक सेवा प्राप्त गर्न सकेका छन् । महिलाहरुको आधिकारिक निर्णय गर्ने अधिकार १४.९ % मात्र रहेको छ । आर्थिक कृयाकलापका दृष्टिकोणवाट हेर्दा कुल सकृय उमेर समुहका महिलाहरु मध्ये उद्यममा ०.०४ %, नोकरीको खोजिमा १९.८%, विद्यार्थी ६.१%, थप आर्थिक कृयाकलापमा २८.६%, महिलाहरुको घरायसी कार्यमा संलग्न रहेको छ भने ८.७६% महिलाहरुले त अझ केही पनि गर्दैनन (UNDP, २००२) ।

दक्षिण एशियाली राष्ट्रको परिप्रेक्षमा उल्लेख गर्ने हो भने यहांका महिलाहरुको स्थिती युरोपियन महिलाहरुको स्थिती भन्दा कमजोर रहेको छ । यहांका महिलालाई उनीहरुको आफ्नै धर्म संस्कृति सामाजिक रुढीवादीता र परम्पराले घेरेको पाईन्छ जसलाई पार गर्ने साहस यहांका महिलाहरुले गर्न सकेको देखिंदैन र उनीहरु पछाडी परेका छन् यहांका अधिकांक्ष महिलाहरु घरको काम र कृषि कार्यमा नै सिमित रहेका छन् । यसै सम्वन्धमा अल्फ्रेड डिनुजा लेख्दछन् दक्षिण एशियाली राष्ट्रहरुमा सम्पुर्ण महिला कार्यको ६० देखि ७०% कार्य कृषिमा रहेको छ (डिनुजा १९८०) ।

हाम्रो समाजमा महिला शिक्षालाई विवाहसंग जोडेर हेर्ने गरिन्छ । यदि महिला शिक्षित भई भने पढे लेखेको केटा पाउंछे अर्थात उसको राम्रो घरमा विवाह हुन्छ । त्यसैले गर्दा पनि हाम्रो समाजमा महिला शिक्षाको कुनै क्षेत्रमा राम्रोसंग उपस्थिती हुन सकेको छैन । यसको अलावा अर्काको घरमा पठाउनु पर्ने भएकोले पनि पैसा र समयको खर्च गरेर छोरीलाई पढाउने वेकारको काम हो मान्ने मान्यता नेपाली समाजमा विद्यमान छ । यसै सन्दर्भमा मीना आचार्य र लियन वेनेटले गरेको

एक सर्वेक्षण अनुसार नेपालीहरु केटालाई भन्दा केटीलाई कम स्कूल पढाउने गर्दछन् (Acharya and Bennett,१९८१) ।

शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाई उज्यालो वनाउंदछ । एउटा पुरुषको शिक्षा त्यहि ब्यक्तीलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पुर्ण परिवारलाई नै उज्यालो वनाउंदछ । त्यसैले महिलाहरुको लागि शिक्षा नितान्त आवश्यक हुन्छ । आचार्य, १९९७) ।

महिलाहरुद्धारा गरिने कार्यको विशेष गरी घरको र खेतको काम नै हुन्छ । यसका पनि विभिन्न किसमको अत्यन्तै कठिन कार्याहरु समावेश भएका हुन्छन् जस्तै निकै टाढा गएर पानी लिएर आउनु, घांस दाउरा संकलन गर्नु, पशुहरुको हेरचाह गर्नु साथै अन्य कामहरु खाना पकाउने, घर सफा गर्ने, परिवारका सदस्यहरुको हेरचाह गर्ने, आदी कामहरु गर्नुको साथै महिलाहरु पुर्ण रुपमा कृषि कार्यमा सहभागी भएको हुन्छन् (D.Sadden and Blaikie, १९७९) ।

यी माथिका लेखकहरुको भनाईबाट के स्पष्ट हुन्छ भने ग्रामिण महिलाहरुमा कामको वोझ वढी हुन्छ । तर उनीहरुको कार्यको लेखा जोखा राष्ट्रिय अर्थतन्त्रमा नगन्य रुपमा हुन्छ । यसका अलावा उनीहरुको सामाजिक र आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । महिलाहरुको स्वास्थ्य स्थिती अतिनै कमजोर रहेको छ भन्ने कुरा ग्रामिण महिलाहरुको समस्यावाट थाहा पाउन सकिन्छ । देशको कुल जनसंख्याको आधा हिस्सा ओगटेका महिलाहरुको स्वास्थ्य स्थिती कमजोर हुनु भनेको राष्ट्रको विकासमा टेवा पुग्न नसक्नु पनि हो । त्यसैले महिलाको स्वास्थ्यलाई ध्यान दिनु जरुरी छ । जसले राष्ट्रको विकासमा सहयोग पुर्याउंदछ । महिला स्वास्थ्य सम्वन्धी लुईटेलको धारणा अनुसार नेपाली महिलाहरुलाई वाल्यकाल देखि नै भेदभाव गरिन्छ । सामाजिक कुरीती कुप्रथा र भारी कामको वोझले गर्दा महिलाहरुको अवस्था जीवन र मृत्यु बीचको लडाई र संघर्सको रुपमा रहेको हुन्छ । यसरी समस्त महिलाहरुले विभिन्न रोगहरुबाट पिडित हुनु परेको छ (लुईटेल १९९२) ।

महिलाहरुको सामाजिक र आर्थिक विकासका लागि उमेरले पनि महत्वपुर्ण भुमीका खेलेको हुन्छ । उमेर एक यस्तो महत्वपुर्ण तत्व हो जसको प्रभाव महिलाहरुको कामको बोझमा निकै प्रभाव गर्दछ । एउटै उमेरका महिला र पुरुषमा पनि महिलाले पुरुष भन्दा वढी काम गर्दछन् । यसरी महिला तथा पुरुषमा केटा तथा केटीको कार्यलाई उल्लेख गर्दै आचार्य लेख्छिन् । सिर्सियामा ५ वर्ष देखि ९ बर्ष बीचका केटाहरुले दिनको १.२४ घण्टा काम गर्दछन् भने त्यही बिचको छोरी मानिसले दिनको २.०५ घण्टा काम गर्दछन् यसरी कामको भार महिलालाई पुरुषलाई भन्दा वढी पर्ने गर्दछन् । त्यस्तै गरी वयस्क पुरुषले दिनको आफ्नो गर्ने कामको समय मध्ये ९२.२% उत्पादक मुलक काममा विताउंदछन् भने महिलाहरुले मात्र ३.८८% उत्पादन मुलक काममा विताउंदछन् । १० देखि १४ बर्षको उमेरको केटाले प्रत्येक दिन ५ घण्टा मात्रै काम गर्ने गर्दछन् भने त्यही उमेर समुहको केटीले प्रत्येक दिन ६ देखि ७ घण्टा काम गर्नुपर्दछ (आचार्य, १९९७) ।

महिलाहरुले दैनिक १८ घण्टा भन्दा वढी काममा विताउनु पर्दछ भन्नु पर्दा अधिकांक्ष महिलाहरुले उठेदेखि नसुतुन्जेल सम्म एकक्षण पनि फुर्सद पाएका हुंदैनन उखान नै छ काम पनि छैन फुर्सद पनि छैन के घरमा गरिने कामहरु काम होईनन तुलनात्मक रुपमा नेपाली महिलाहरुको समाजमा महत्व र भुमीका पुरुषको भन्दा वढी हुन्छ तर पनि हरेक पक्षबाट गरिएको अपब्यख्या र ब्यवहारका कारण महिलाहरुको हक अधिकार समानता र सेवाको पहुंच सहज बन्न सकेको छैन । अर्को तिर महिला स्वयंमले पनि आफ्नो ब्यक्तिगत चाहना आवश्यकतालाई प्राथमिकतामा राख्न

अझ सकेको देखिंदैन । नारी र पुरुष बीच एक अर्कामा हुनुपर्ने ब्यवहार र बुझाईमा आएको असमानतले वैयक्तिक मानसिक सामाजिवक आर्थिक राजनैतिक रुपमा दमन अन्याय र दोश्रो दर्जाको नागरिक जस्तो असमान ब्यवहार नारीले भोग्नु परि रहेको छ । साथै हाम्रो मुलुकमा नारीले शिक्षा स्वास्थ्य लगायतका अवसर प्राप्त गर्नुलाई पहिलो प्राथमिकता भित्र पार्न सकिएको छैन महिलालाई जवसम्म विकासको मुल प्रवाहमा समाहित गर्न सकिंदैन तवसम्म देशले गति लिन सक्दैन समानुपातिक तरीकाले महिलाहरुलाई निर्णय गर्ने क्षेत्रका प्रत्यक्ष संलग्न गराउनु पर्छ साथै महिलाहरुले सम्पत्ती भुमी आय आर्जनमा निर्णय र नियन्त्रण गर्न पाउनु पर्ने आर्थिक क्षेत्रको निर्णायकतहमा लघु उद्योगको ऋण वढाउनु पर्ने सूचना र संचार क्षेत्रमा पहुंच हुनु साथै नयां योजनाहरु ल्याउनु पर्ने र महिलाहरुको घरायसी कार्यको मुल्यांकन गर्नु पर्ने हुन्छ (शर्मा, २०६१) ।

यसरी प्राप्त सन्दर्भ सामग्रीको समिक्षा गर्दा के स्पष्ट हुन्छ भने महिलाहरुको सामाजिक आर्थिक अवस्था कमजोर रहेको छ । उनीहरु शिक्षा स्वास्थ्य आर्थिक र रोजगारीको अवसरबाट अझै बन्चित छन् । उनीहरुले राष्ट्रिय विकासमा तामाङ्ग जातिका महिलाहरुको सामाजिक र आर्थिक अवस्था पनि नाजुक रहनुको साथै सम्वन्धित क्षेत्रका महिलाहरुको हाल सम्म पनि अध्ययन र अनुसन्धान हुन सकेको छैन त्यसैले यस अध्ययनमा गोदावरी गा.वि.स. का तामाङ्ग जाति महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको वारेमा अध्ययन एवं अनुसन्धान गर्ने प्रयास गरिएकोछ ।

## २.२: अध्ययनको अवधारणात्मक प्रारुपः

अन्य अनुसन्धानको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा अध्ययन गर्नको लागि निम्न लिखित अनुसारको एउटा अवधारणात्मक प्रारुप तयार पारिएको छ ।

### तामाङ्ग जाति महिलाहरुको सामाजिक आर्थिक अवस्था

**सामाजिक अवस्था**

जनसंख्या
पारिवारिक संरचना
परिवारको आकार
विवाह
शिक्षा
स्वास्थ्य
प्रजनन विवरण
परिवार नियोजन
संस्थागत र समुहगत संलग्नता
राजनैतिक अवस्था

**निर्णय प्रकिया**

निर्णय प्रकृयामा सहभागिता

**आर्थिक अवस्था**

पेशागत अवस्था
भू-स्वामित्वको स्थिती
पारिवारिक अम्दानी विवरण
पारिवारिक खर्च विवरण

# परिच्छेद - तीन
# अध्ययन विधि

यस अध्ययनमा गोदावरी गा.वि.स. का तामाङ्ग जाति महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन तथा अनुसन्धान गर्नका लागि प्रयोग गरिएका अध्ययन विधिहरुका वारेमा वर्णन गरिएकोछ । यस अध्ययनका लागि निम्न अनुसन्धान विधिहरुका माध्यमवाट आवश्यक तथ्यांकहरु संकलन तथा विश्लेशष गरिएको छ ।

## ३.१. अनुसन्धानको ढाँचाः

यस अध्ययनमा महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा अध्ययन गर्नको लागि अन्वेषणात्मक र वर्णात्मक पद्धतिहरु अपनाईएको छ । अन्वेषणात्मक ढांचा अन्तर्गत महिलाहरुको सक्षम आर्थिक तथा सामाजिक क्षेत्रका शिक्षा स्वास्थ्य पेशा परिवार विवाह भू(स्वामित्व लगायतका अन्य विविध पक्षहरुको अध्यन गरी उक्त क्षेत्रमा रहेका समस्याहरुको अन्वेषण तथा खोजतलास गरी यथार्त स्थिती वाहिर ल्याउने प्रयास गरिएको छ भने वर्णात्मक ढांचा अन्तर्गत अध्ययन क्षेत्र र महिलाहरुसंग सम्वन्धित विविध पक्षको वर्णन गरिएको छ ।

## ३.२ः अध्ययन क्षेत्रको छनौट र औचित्यः

यस अध्ययनको लागि ललितपुर जिल्लाको गोदावरी गाउं विकास समितिलाई अध्ययनको क्षेत्रको रुपमा छनौट गरिने छ । विशेष गरी गोदावरी गा.वि.स. को वडा नं. ५, ६ र ७ मा तामाङ्ग जातिहरुको वसोवास भएकोले तथा शोधकर्ता तामाङ्ग जातिको महिलाहरुको सामाजिक आर्थिक पक्षको सम्वन्धमा धेरै मात्रामा जानकारी लिन इच्छुक भएकोले पनि यस ललितपुर जिल्ला को गोदावरी गा.वि.स. को वडा नं. ५, ६ र ७ लाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

## ३.३.ः समग्रता र नमुना छनौट :

यस अध्ययनको लागि गोदावरी गा.वि.स. को वडा नं. ५, ६ र ७ मा वसोवास गर्ने तामाङ्ग घरधुरीलाई उदेश्य मुलक नमुनाको रुपमा लिईएको छ अध्ययन क्षेत्र गोदावरी गा.वि.स. मा कुल घरधुरी १३५० रहेकोमा कुल जनसंख्या ६२५७ रहेको छ (जिल्ला पार्श्व चित्र २०५९) । नमुना छनौटमा परेका वडाहरु ५, ६ र ७ मा तामाङ्गहरुको घर संख्या क्रमशः १५०, ६०, ११० गरी जम्मा ३२० भएकोले यहि ३२० घरधुरी नै अध्ययनको समग्रताको रुपमा रहेका छन् । गा.वि.स. बृतान्त २०५९) । यहि जम्मा ३२० घरधुरी मध्येबाट ३२ घर परिवार छनौट गरी त्यसको घरमुली महिलालाई छनौट गर्दा समग्रताको १०५ हुन जाने हुंदा यहि ३२ घरधुरीको घरमुली महिला नै अध्ययनको नमुनाको रुपमा रहेका छन् । यसरी नमुना छनौट गर्दा हरेक वडामा रहेको घरधुरी मध्येबाट समानुपातिक प्रतिनिधित्व हुने गरी वडा नं. ५ ६ र ७ वाट क्रमशः १५, ६ र ११ उत्तरदाताहरुको छनौट गरिएको छ । नमुना छनौट गर्दा समग्रता मध्येबाट दैवीय नमुना छनौट(Random Sampling) पद्धति अवलम्वन गरिएको छ ।

## ३.४. तथ्यांकको प्रकृति र श्रोत

कुनै पनि अध्ययन एवं अनुसन्धानमा वास्तविक सत्य तथ्य पत्ता लगाउनको लागि विभिन्न विधिहरुको प्रयोग गर्ने, यस अध्ययनको उदेश्य पुरा गर्नको लागि गुणत्मक तथा संख्यात्मक दुवै प्रकृतिका तथ्यांकहरुलाई समावेश गरिएको छ । आवश्यक तथ्यांकलाई प्राथमिक र द्वितिय श्रोतबाट संकलन गरी विश्लेषण गरिएको छ। जुन यस प्रकार छ।

### ३.४.१: प्राथमिक श्रोत

यस अध्ययनको प्राथमिक तथ्यांकको श्रोतहरुमा घरमुली महिलाहरुसंगको अन्तर्वार्ता, शिक्षक, विद्धान, समाजसेवी संगको अन्तर्वार्ता नै मुख्य रुपमा रहेको छ । साथै यो एक समाज शास्त्रीय अध्ययन भएकोले तथ्यांकको प्रकृति संख्यात्मक भन्दा गुणात्मक प्रकृतिको रहेको छ । प्राथमिक श्रोतहरुबाट संकलित तथ्यांकहरुलाई अध्ययन पांच अन्तर्गत महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको अन्वेषण तथा विश्लेषण गर्नको लागि प्रयोग गरिएको छ।

### ३.४.२: द्वितिय श्रोतः

यस अध्ययनको द्वितिय श्रोतहरुमा तामाङ्ग जाति सम्वन्धी जति पनि प्रकाशित र प्राप्त भएका लेख, रचना, पुस्तक, शोधपत्र, अभिलेख आदि उपयोग गरिएकोछ । सामाजिक र आर्थिक पक्षहरुको तथ्यांक संकलनको क्रममा द्धितिय श्रोतको रुपमा सम्वन्धित गा.वि.स. को पुस्तकालय, भिलेज प्रोफाईल, गा.वि.स. कार्यालय, जि.वि.स. कार्यालय, स्वाथ्य चौकी विद्यालय साथै ग्रैर सरकारी संघसंस्थाहरुको अभिलेखहरुबाट सहयोग लिईनेछ । यसरी संकलित तथ्यांकहरुको अध्याय दुई अन्तर्गत पुर्वसाहित्य समिक्षा र अध्याय चार अन्तर्गत अध्ययन क्षेत्रको परिचय लेख्ने क्रममा समावेश गरिएकोछ।

## ३.५: तथ्यांक संकलनका विधिहरुः

यस अध्ययनको लागि तथ्यांक संकलन गर्ने क्रममा सम्वन्धित विषयको पहिले देखि नै तयार पारिएको अर्धसंरचित प्रश्नावलीको प्रयोग गरिएकोछ । अर्ध संरचित प्रश्नावलीको आधारमा जे जस्तो उत्तरहरु प्राप्त हुन्छन् तिनीहरुलाई प्राथमिक तथ्यांकको रुपमा प्रस्तुत गरिएकोछ । उत्तरदाताहरुले दिएको उत्तरलाई गुणात्मक तथा संख्यात्मक रुपमा विश्लेषण गरी प्रस्तुत गरिएकोछ। तथ्यांक संकलनका लागि प्रयोग गरिएका विभिन्न सामग्री तथा तथ्यांक संकलन कार्यको लागि अपनाईएका विधिहरु निम्नानुसार छन्।

### ३.५.१: घरमुली महिलासंगको अन्तर्वार्ता

समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनको तथ्यांक संकलनको प्रमुख विधिहरु मध्ये घरमुली महिलासंगको अन्तर्वार्ता प्रमुख हो । यस विधि अन्तर्गत अर्धसंरचित प्रश्नावली पहिले नै तयार पारी प्रत्येक ब्यक्तिलाई प्रश्न सोधी प्रश्नको उत्तर भरी आधारभुत आवश्यक तथ्य एवं तथ्यांक संकलन गरिएकोछ। विशेष गरी जनसंख्या, पेशा, शिक्षा, स्वास्थ्य, कृषि आम्दानी, तथा खर्च आदिको वारेमा जानकारी हासिल गर्न यो विधि प्रयोग गरिएकोछ । यसको लागि प्रत्येक घरबाट घरमुली महिलालाई शोधकर्ता स्वयंले अन्तर्वार्ता लिई र अनुसूचीमा समावेश गरिएका प्रश्नहरु भराई आवश्यक प्राथमिक तथ्यांकको संकलन गरिएकोछ।

## ३.५.२.: मुख्य ब्यक्तिसंगको अन्तर्वार्ता :

कुनै पनि स्थान वा ब्यक्ति विशेषको अध्ययन गर्ने क्रममा वढी भन्दा वढी तथ्यांक संकलन गर्दा विविध ज्ञान एवं तथ्य संकलन हुने साथै छुट्टाछुट्टै किसिमको तथ्यांकवाट वढी भरपर्दो तथ्य पत्ता लाग्ने भएकोले अन्तर्वार्ता, प्रश्नावली वाहेक प्राथमिक जानकारीको लागि तामाङ्ग जाति महिलाहरुको सामाजिक सांस्कृतिक तथा आर्थिक क्रियाकलापहरुमा समावेश भएका प्रमुख ब्यक्तिहरुसंग अन्तर्वार्ता लिई तथ्यांक संकलन गरिएकोछ । यस अन्तर्गत वुढापाका, राजनितिज्ञ, शिक्षक, जनप्रतिनिधी, समाजसेवी, ब्यापारी आदिसंग तामाङ्ग जातिको अध्ययन क्षेत्रमा आगमन तथा तामाङ्ग जाति महिलाको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा जानकारी हासिल गरिएकोछ ।

## ३.६. तथ्यांकको विश्लेशण र प्रस्तुतीकरण

संकलित सम्पुर्ण तथ्यांकहरुलाई वर्गिकरण विश्लेषण गरी त्यसलाई तालिकाद्धारा प्रस्तुत गरिएकोछ । संख्यामा आएका तथ्यांकलाई संख्या र प्रतिशत सहित तथा संख्यामा नआएका तथ्यांकलाई ब्यख्यात्मक रुपमा प्रस्तुत गरिएकोछ ।

## ३.७ अध्ययनको सीमा

कुनै पनि अध्ययन तथा अनुसन्धान कार्य जहिले पनि एउटा निश्चित विषय वस्तुमा केन्द्रीत रहि गरिने हुनाले त्यसको आफ्नो छुट्टै मुल्य मान्यता र विशेषता रहेको हुन्छ साथै त्यसै अनुरुप बांधिएको हुन्छ । यस अध्ययनमा पनि समय श्रोत र साधनको अभाव तथा यो अनुसन्धान स्नाकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि भएकोले यस अध्ययन पनि गोदावरी गा.वि.स. वडा नं. ५, ६ र ७ का तामाङ्ग जाति महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको सम्वन्धमा नै सिमित रहनेछ । यसर्थ यस अध्ययनाका निम्न लिखित सीमाहरु रहनेछन् ।

(१) यो अध्ययन एउटा गा.वि.स. क्षेत्रमा सिमित रहि गरिएको हुनाले सो वाट प्राप्त निष्कर्षहरु अन्य क्षेत्र र परिवेशमा मेल नखान सक्दछ । किनकी कुनै एक स्थानमा वस्ने तामाङ्ग जाति महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था अन्य क्षेत्रमा वसोवास गर्ने तामाङ्ग जाति महिलाहरुसंग मेल नखान सक्दछ ।

(२) यो अध्ययन छोटो समयावधिमा तयार गर्नु पर्ने हुनाले संकलन गर्नु पर्ने सवै तथ्यांकहरु प्राप्त गर्न समय प्रयाप्त नहुने हुनाले प्राप्त हुने तथ्यांक अपुरो पनि हुन सक्दछ ।

(३) यो अध्ययनको निमित्त चाहिने श्रोत साधनहरु सिमित खर्च जुटाई गरिने हुनाले विस्तृत अध्ययन गर्न सम्भव छैन । तैपनि यस अध्ययनलाई सकेसम्म विस्तृत र ब्यापक वनाउने प्रयास गरिएकोछ ।

(४) यो अध्ययन कुनै सिद्धान्त लागु गरेर गरिएको छैन । यसमा अन्वेषणात्मक र वर्णात्मक रुपमा तामाङ्ग जाति महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको वारेमा अध्ययन गरिएकोछ ।

# परिच्छेद -४

# अध्ययन क्षेत्र तथा जाति परिचय

कुनै पनि अध्ययन एवं अनुसन्धानको लागि अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, सिमाना विभाजन, भु-वनावट जनसंख्या भाषा धर्म रोजगारी र प्राकृतिक एवं भौतिक अवस्थाको वारेमा स्पष्ट पार्नु आवश्यक पर्दछ । भौगोलिक दृष्टिबाट नेपाललाई तराई, पहाड र हिमाली प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ यहि भौगोलिक विविधताका कारणले ती प्रदेशका भु-धरातल हावापानी, उत्पादन तथा जातजाती र तिनीहरुको रहन सहन संस्कृति र वसोवासमा समेत भिन्नता रहेको पाईन्छ । प्रस्तुत अध्ययन सम्पन्न भएको गोदावरी गाउं विकास समिति ललितपुर जिल्लामा अवस्थित छ । अध्ययनको यस अध्ययनमा अध्ययन क्षेत्र तथा तामाङ्ग जातिको वारेमा स्पष्ट पार्ने जमर्को गरिएको छ ।

## ४.१: अध्ययन क्षेत्रको सामान्य परिचय

यस अध्ययन क्षेत्रको छनौटमा परेको गोदावरी गाउं विकास समितिको परिचय देहाय वमोजिम दिईएको छ ।

## ४.१.१: गोदावरी गाउं विकास समितिको परिचयः

नेपालको प्रसाशनिक दृष्टिकोणले ५ विकास क्षेत्र, १४ अंचल र ७५ जिल्ला, ५८ नगरपालिका र ३९१५ गा.वि.स. मा विभाजित यो नेपालको मध्यमाञ्चल विकास क्षेत्र वागमती अंचल तथा ललितपुर जिल्लाको ४१ वटा गा.वि.स.हरु मध्ये गोदावरी गा.वि.स. भौगोलिक र प्रादेशिक विविधताले भरिपुर्ण रहेको छ । समशितोष्ण प्रदेशमा अवस्थित यस क्षेत्रको हावापानी वनस्पती र अन्य प्राकृतिक विशिष्टतामा विविधता पाईन्छ ।

ललितपुर जिल्लाको पूर्वी भेगमा लगभग ५ कि.मि. लम्वाईमा फैलिएको यस गाउं विकास समिति जिल्ला सदरमुकामवाट ७ किलोमिटर र राजधानीबाट १२ किलोमिटर दक्षिण पूर्वि दिशामा रहेको छ । समुद्र शतहवाट करीव ४२०० फिट (१४४८ मी) उचाईमा रहेको यस गा.वि.स. को अक्षांश ८५ं२२२४ उत्तरसम्म तथा २७४० पुर्वी देशान्तर देखि २७२२ पुर्वी देशान्तर सम्म फैलिएर रहेको छ । यहांको प्राकृतिक वनावट पूर्व र दक्षिण केही भागमाथि उठेको र अन्य भाग साधारणतय समथर रहेको छ । यस गाउं विकास समितिमा सीमा विभाजनको रुपमा खोला नाला खोल्सा जंगर डांडा र गोरेटो वाटोहरु रहेका छन् । यस गा.वि.स.को पूर्वमा काभ्रेपलान्चोक जिल्लाको कुसादेवी गा.वि.स., उत्तरमा ललितपुर जिल्लाको गोदामचौर र विशंखुनारायण गा.वि.स., पश्चिममा भरुवारासी र वडीखेल गा.वि.स. तथा दक्षिणमा भारदैउ र लेले गा.वि.स. सिमानाको रुपमा रहेका छन् । केही भुभाग माथि उठेको भिरालो बांकी भाग समथर भु-वनावट भएको खोल्साहरु पनि छन् । चिम्टयाईलो ढुंगेन र रातो माटो रहेको यस गा.वि.स. को जमिनको कुल क्षेत्रफल लगभग ३३,००० रोपनी छ ।

## ४.१.२: नामाकरण

यस गा.वि.स. को वारेमा ऐतिहासिक नामाकरणको तथ्य तथा प्रमाण प्राप्त नभएता पनि यस सम्वन्धमा किम्वदन्ती भने पाईन्छ । कुनै वेलामा यस गोदावरी गा.वि.स.को उत्तर मा अवस्थित विशंखुनारायण स्थानमा वहादुर पुरी नाम गरेका एक योगी वस्दथे उनी आफ्नो योगवलद्धारा दक्षिण भारतमा संधै आफ्नो नित्य स्नान गर्न जान्थे । त्यती टाढादेखि स्नान गर्न आएको देखि एक दिन गंगा गोदावरी पसन्न भईन र भनिन अव तिमी यहां दुःख नगर म नै वहां आउंछु यी कुराको प्रमाणको लागि तिमीले तिम्रो कमण्डलु झोली र माला पनि यहि छोडेर जाउ भोलिको दिन तिम्रा सामान सहित त्यही आउनेछु भनिन । त्यसै अनुरुप भोलिपल्ट विहानै ब्रम्हमुहुर्तमा आफु वसेको दक्षिण कुनामा एउटा ठुलो आवाज आयो त्यो आवाज सुनेर योगी त्यहां पुगे त्यहां उनका सामान सहित एक पहरा कापवाट स्वच्छ पानीको प्रवाह देखे  यसलाई स्थानिय  जनताले गंगा गोदावरी भनेर तिर्थ स्थानको रुपमा प्रयोग गर्न थाले र पछि गाउं पञ्चायत गठन गर्दा यसैको आधारमा गोदावरी नामाकरण गरियो (गा.वि.स.को बृतान्त २०५९) ।

## ४.१.३: वडा विभाजन

प्रस्तुत अध्ययन क्षेत्रमा परेको यस गोदावरी गा.वि.स. लाई पनि अन्य गा.वि.स. झै ९ वडा मा विभाजन गरिएको छ । गोदावरी गा.वि.स. को वडाहरुको विभाजन तालिका नं. १ मा देखाए वमोजिम गरिएको छ ।

वडा विभाजन तथा गाउं टोलको नामावली

तालिका नं. १

| वडा नं. | गाउं/टोल |
|---|---|
| १ | टौखेल |
| २ | किटिनी |
| ३ | किटिनी |
| ४ | घट्टेडांडा |
| ५ | मोती चौर |
| ६ | मोठ, पौंडोल |
| ७ | पौंडोल |
| ८ | कोटटार, ताथिनटार |
| ९ | ललिनथोक |

श्रोतः गा.वि.स. बृतान्त - २०६५

## ४.१.४: जनशांख्यिक स्थितीः

गोदावरी गा.वि.स.को कुल परिवार संख्या १३५२ रहेको छ भने कुल जनसंख्या ६२५७ रहेको छ । कुल जनसंख्याको ५०.७६% अर्थात ३१७६ जना पुरुष जनसंख्या र बांकी ४९.२४% अर्थात

३०८१ जना महिला जनसंख्या रहेका छन् । यि सबै मानिसहरुको वडागत, जातिगत, लिङ्गगत, भाषागत, उमेरगत तथा शैक्षिक स्थितीको आधारमा जनसांख्कि विवरण तल तालिकाहरुमा प्रस्तुत गरिएको छ ।

# वडागत आधारमा जनसंख्या

वडागत रुपमा गोदावरी गा.वि.स. को स्थितीलाई हेर्दा वढी जनसंख्या वडा नं. ५ मा र सवैभन्दा कम जनसंख्या वडा नं. ८ मा पाईन्छ । यसै गरी वडागत रुपमा पुरुष र महिलाको संख्या हेर्दा कुनै वडामा पुरुषको संख्या वढी देखिन्छ भने कुनैमा महिलाको संख्या वढी देखिन्छ यस प्रकार कुल जनसंख्या मध्ये पुरुषको संख्या १.५२% ले वढी छ ।

वडागत आधारमा जनसंख्या विवरण

तालिका नं. २

| वडा | परिवार संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | औषत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३७ | ७६७ | १२.२५ | ७३३ | ११.७१ | १५०० | २३.९७ | ४.७ |
| २ | ७० | १८२ | २.९० | १८६ | २.९७ | ३६८ | ५.८८ | ५.२ |
| ३ | ८७ | २१३ | ३.४० | २१० | ३.३५ | ४२३ | ६.७६ | ४.८ |
| ४ | १०५ | २८४ | ४.५३ | २५५ | ४.७० | ५३९ | ८.६१ | ५.१ |
| ५ | १०९ | ८६० | १३.७४ | ७८५ | १२.५४ | १६४५ | २६.२९ | ४.० |
| ६ | १३९ | ३२४ | ५.१७ | ३५५ | ५.७६ | ६७९ | १०.८५ | ४.८ |
| ७ | ७४ | १८७ | २.९८ | १८७ | २.९८ | ३७४ | ५.९७ | ४.५ |
| ८ | ८० | १६८ | २.६८ | १९५ | ३.११ | ३६३ | ५.८० | ४.५ |
| ९ | ७२ | १९१ | ३.०५ | १७५ | २.७९ | ३६६ | ५.८४ | ५.० |
| जम्मा | १३५३ | ३१७६ | ५०.७६ | ३०८१ | ४९.२४ | ६२५७ | १०० | ४२.६० |

श्रोत गा.वि.स. बृतान्त २०६५

# धर्म र मतृभाषा

यस गा.वि.स. मा रहेका परिवारहरुमा सामान्यतः एउटा परिवारभित्र सबै सदस्यहरुको एउटै मातृभाष र धर्म हुने मान्यताको आधारमा पारिवारिक रुपमा भाषा तथा धर्मको तथ्यांक लिईएको छ । १३५३ परिवार मध्ये लगभग ८१.१७% ले हिन्दु धर्म मान्दछन् भने कुल जनसंख्याको लगभग १५.१२% बौद्ध धर्म मान्दछन् त्यस्तै जनसंख्याको ३.०२% क्रिश्चियन धर्ममा लागेको देखिन्छ ।

धर्मगत जनसंख्या विवरण

तालिका नं. ३

| सि.नं. | धर्म | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | हिन्दु | २५९७ | २४८२ | ५०७९ | ८१.१७ |
| २ | बौद्ध | ४७३ | ४७३ | ९४६ | १५.१२ |
| ३ | क्रिश्चियन | ८६ | १०३ | १८९ | ३.०२ |
| ४ | अन्य | २० | २३ | ४३ | ०.६९ |
|  | कुल | ३१७६ | ३०८१ | ६२५७ | १०० |

श्रोतः गा.वि.स.को बृतान्त २०६५

# उमेरको आधारमा जनसंख्या

यस गा.वि.स.को कुल जनसंख्या ६२५७ रहेको छ । जसमध्ये पुरुषको संख्या ३१७६ र महिलाको संख्या ३०६१ रहेको छ । यस गा.वि.स. को जनसंख्यालाई उमेर समुह तथा लिंगको आधारमा तलको तालिकामा देखाएको छ ।

वनौट जनसंख्याको उमेरगत

तालिका नं. ४

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-४ | २४३ | २५७ | ५०० | ७.९९ |
| ५-१४ | ७९३ | ७५० | १५४३ | ७.९९ |
| १५-२४ | ६९६ | ६६८ | १३६४ | २१.७९ |
| २५-३४ | ५८७ | ५७२ | ११५९ | १०.५२ |
| ३५-४४ | ४०१ | ३२८ | ७२९ | ११.६५ |
| ४५-५४ | २२२ | ११२ | १३५ | ६.९५ |
| ५५-६४ | ११४ | १३२ | २४६ | ३.९३ |
| ६५-७४ | ९१ | १०७ | १९८ | ३.१६ |
| ७५ माथि | २९ | ५४ | ८३ | १.३२ |
| जम्मा | ३१७६ | ३०८१ | ६२५७ | १०० |

श्रोतः गा.वि.स. को बृतान्त २०६५

माथिको तालिका अनुसार ०-४ बर्ष उमेर समुहमा पुरुष २४३ तथा महिला २५७ गरि जम्मा ५०० (७.९९%) छन् भने ५-१४ बर्ष उमेर समुहमा पुरुष ७९३ तथा महिला ७५० गरि जम्मा १५४३ (२४.६६%) रहेका छन् । त्यसै गरि १५-२४ वर्ष उमेर समुहमा पुरुष ६९६ तथा महिला ६६८

गरि जम्मा १३६४ जना (२१.६५%) रहेका छन् भने २५-३४ बर्ष उमेर समुहमा पुरुष ५८७ तथा महिला ५७२ गरि जम्मा ११५९ रहेका छन् जसलाई प्रतिशतमा हेर्दा १८.५२% हुन आउंछ । त्यस्तै ३५-४४, ४५-५४, ५५-६४ र ६५-७४ बर्ष उमेर समुहको कुल जनसंख्या क्रमशः ६२९ (११.६५%), ४३५ (६.९५%), २४६(३.९३%) र १९८(३.१५%) रहेका छन् भने ७५ बर्ष भन्दा वढी उमेर समुहका पुरुषहरु २९ र महिलाहरु ५४ गरि जम्मा ८३ जना (१.३५%) रहेका छन् ।

# शैक्षिक स्थितीको आधारमा जनसंख्या

यस गा.वि.स.मा भएको जनसंख्यालाई शिक्षाको आधारमा पनि वर्गिकरण गर्न सकिन्छ । जस्तै निरक्षर, साक्षर, शिक्षित र ६ बर्ष मुनिका बालबालिकाहरुको जनसंख्या लिईएको छ जुन यस प्रकार छन् ।

शैक्षिक विवरण

तालिका नं. ५

| सि.नं. | शैक्षिक विवरण | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | लेखपढ गर्न नसक्ने (निरक्षर) | ४३७ (१५.२७%) | १००३ (३६.९८%) | १४४१ (२५.८२%) | ६ वर्ष वा सो भन्दा माथिका जनसंख्या |
| २ | पढ्न मात्र सक्ने (साक्षर) | २५४ (८.८५%) | २६३ (९.६९%) | ५१७ (९.२६५%) | ,, |
| ३ | लेख्न पढ्न सक्ने (शिक्षित) | २१७६ (७५.८७%) | १४४६ (५३.३१%) | ३६२२ (६४.९१%) | ,, |
| ४ | कुल | २८६८ | २७१२ | ५५८० | ,, |
| ५ | ६ बर्ष मुनिका वालवालिकाहरु | ३०८ | ३६९ | ६७७ | |
| | जम्मा संख्या | ३१७६ | ३०८१ | ६२५७ | |

श्रोतः गा.वि.स. को बृतान्त २०६५

माथिको तालिका अनुसार ६ बर्ष भन्दा कम उमेरको जनसंख्या पुरुष ३०८ तथा महिला ३६९ गरि जम्मा ६७७ रहेको छ जसलाई शिक्षा हासिल गर्ने उमेर नपुगेको जनसंख्याको रुपमा लिईएको छ । शिक्षा हासिल गर्ने उमेर पुगेको कुल जनसंख्या ५५८० मध्ये पुरुष २८६८ तथा महिला २७१२ रहेका छन् । शैक्षिक योग्यताका आधारमा शिक्षा हासिल गर्ने उमेर पुगेका जनसंख्यालाई वर्गिकरण गर्दा लेखपढ गर्न नसक्ने (निरक्षर) जनसंख्या १४४१ अर्थात २५.८२% रहेका छन् जसमा पुरुष ४३८ (१५.२७%) तथा महिला १००३ (३६.९८%) रहेका छन् । त्यसरी नै पढ्न मात्र सक्ने साक्षर जनसंख्या ५१७ अर्थात ९.२६% छन् जसमध्ये पुरुष २५४ (८.८५%) तथा महिला २६३(९.६९%) रहेका छन् भने लेखपढ गर्न सक्ने शिक्षित जनसंख्या ३६२२ (६४.१२%) रहेका छन् जसमा पुरुष २१७६ (७५.८७%) तथा महिला १४४६ (५३.३१%) रहेका छन् ।

## ४.१.५: जलवायु तथा तापमानः

कुनै स्थानको जलवायुमा धरातलिय वनावट समुन्द्री मनसुन, पर्वत तथा वन जंगलले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । समुन्द्र सतह देखि ४२०० फिटको उचाईमा रहेको र विभिन्न हिम शिखरहरु प्रत्यक्ष देखिने गरी अवस्थित समशितोष्ण प्रदेशिय यस गोदावरी गा.वि.स. मा जलवायुको विविधता पाईन्छ । फुलचोकि पहाडको फेदीमा अवस्थित यो स्थानमा जाडो महिनामा निकै चिसो भएतापनि गर्मीमा त्यती गर्मी हुंदैन । यहांको औषत तापक्रम गृष्ममा १७-३२ डिग्री से. र हिउंदमा ०-२० डिग्री से. सम्म हुने गर्दछ (जि.वि.स. कार्यालय ललितपुर २०५९)

## ४.१.६: प्राकृतिक श्रोतः

विभिन्न नदीनाला, छांगा पहरा, पहाड, पर्वत हिम श्रृखलाले शुसोभित नेपालको प्राकृतिक सम्पदा भन्नु नै नदीनाला, पर्वत, श्रृखला र वन जंगलहरु हुन । यहांको प्राकृतिक श्रोतहरु मध्ये वनजंगल, वन्यजन्तु, जडीवुटि, जलसम्पदा, खेतीयोग्य जमिन, माटो तथा पानी, पर्यटकिय स्थल र साँस्कृतिक सम्पदालाई लिन सकिन्छ । जसलाई यस प्रकार वर्णन गर्न सकिन्छ ।

### वन जंगल

यस गा.वि.स. को कुल क्षेत्रफलको लगभग ६६**%** अर्थात २२००० रोपनी (१२०० हेक्टर) जमिनमा फैलिएको वनजंगल नै यहांको प्रमुख प्राकृतिक श्रोत हो । यहांको जंगलमा पाईने विभिन्न जातका रुखहरु मध्ये उत्तिस, कटुस, फलांट, मुसुरे, सेतिकाठ। चाप, वाभ्फखरी, लांकुरी, चिलाउने, लप्सी, काफल, पैंयुँ गुँरास र ओखर आदि प्रमुख छन् (गा.वि.स. बृतान्त २०५९) ।

### वन्यजन्तुः

वनजंगलको शोभालाई जिवन्त राख्ने वन्य जन्तुलाई पनि प्राकृतिक सम्पदाको रुपमा लिईएको छ । यस क्षेत्रमा पाईने उल्लेखनिय वन्य जन्तुहरु भालु, चितुवा, मृग, दुम्सी, खरायो, स्याल र मलसाप्प्रो आदि छन् । भालु र चितुवा यदाकदा वाहिर निस्कन्छन् र पुनः जंगलमा नै फर्केको पाईन्छ । आफना गुन्जन ध्वानीका माध्यमले यहांको रमणिय वनलाई संगितमय वनाउने कोईली, ढुकुर, कालिज, जुरेली जस्ता चराचुरुङगीहरु यहांको जंगलमा पाईन्छन् ।

### जडीवुटिः

यस गा.वि.स.को उत्तरपुर्वी भागमा रहेको जंगलमा पर्याप्त मात्रमा जडिवुटि प्राप्त गर्न सकिन्छ । यि जडीवुटिहरुमा निम, जटामसी, तुलसी, कपुर, टिमुर, मरिच र घोडताप्रे प्रमुख छन् जुन आयुर्वेर्दिक उपचारको लागि प्रयोगमा ल्याईएको पाईन्छ ।

### जलसम्पदा

यस गा.वि.स. मा सानातिना पानीका मुहानहरु र खोला नालाहरु धेरै रहेको भएतापनि विशेष रुपमा वडा नं. ५ मा अवस्थित खहरे खोला र गोदावरी खोलालाई प्रमुख मानिन्छ । किनकी यि खोलाहरु वाहेक अन्य खोलाहरुमा बर्षायाममा मात्र पानी देखा पर्दछ । यसरी पानीका श्रोतहरुको

निरन्तरताको कारण फुलचोकी तथा अन्य पहाड र वनजंगलहरुले गर्दा भएको भन्ने प्रत्यक्ष तथा जान्न सकिन्छ ।

## खेतीयोग्य जमिन

यस गा.वि.स. का केही भु(भाग भीर, पहरा, चट्टान, पाखा र जंगलले ढाकेको छ । यहांको कुल जमिन ३३००० रोपनी मध्ये २२००० रोपनी वन जंगलले ढाकेको छ वांकी ११००० रोपनी जग्गा मध्ये ३८३६ रोपनी (१५९९ रोपनी धान खेती र २२३७ रोपनी पाखो वारी) मात्र खेती योग्य छ । यहांको जमिनमा धान, मकै, कोदो, गहुं, तोरी जस्ता खाद्यान्न वाली र खासगरी सब्जी उब्जनी गरेको पाईन्छ (गा.वि.स. बृतान्त २०५९) ।

## खानी तथा माटोः

यस गा.वि.स. को स्थलगत निरिक्षण अनुसार यहांको वडा नं. ५, ६, ७, ८ र ९ को माथिल्लो भागमा कतै कतै फुस्रो माटो पाईन्छ भने अन्य भागमा चिम्टयाईलो माटो पाईन्छ । यस गा.वि.स.मा प्रमुख रुपमा ढुंगाखानी रहेको छ भने फुलचोकी डांडांमा फलाम खानी भएको जानकारी पाईन्छ तर वैज्ञानिक अनुसन्धान भएको पाईदैन ।

## उद्योग

यस गा.वि.स. मा केही ठुला उद्योगहरु संचालनमा आएको पाइन्छ जस्तै गोदावरी मार्वल ईण्डष्ट्रिज, हिमालयन व्रुअरी लिमिटेड भने साना उद्योगहरुमा काष्ठ फर्निचर उद्योग कागज तथा र्‍यापिङ्ग पेपर उद्योग फर्निचर तथा ग्रिल उद्योग, राईस मिल र फ्लोरिकल्चर नर्सरी(Floriculture Nursery) पाईन्छ ।

## पर्यटकिय स्थल

पर्यटकिय स्थलहरु पनि प्राकृतिक सम्पदा नै हुन र तिनिहरुको सदुपयोग गर्न सकिएमा देशलाई प्रत्यक्ष लाभ पुग्न सक्दछ । यहांको विशेष पर्यटकिय स्थलहरुमा वनस्पती उद्यान, गोदावरी कुण्ड, मत्स्यपालन केन्द्र, मौरी पालन आयोजना तथा नौधारा देवस्थल आदि रमणिय दृष्य अवलोकन गर्नको लागि पर्यटकहरु जाने गर्दछन् । मुख्य गरी वनस्पती उद्यान चर्चित पर्यटकिय स्थलको रुपमा लिन सकिन्छ ।

## सांस्कृति सम्पदा

यस गा.वि.स. मा हिन्दु र बौद्ध धर्मावलम्वीहरु प्रमुख रुपमा वस्दछन् भने फाटफुट क्रिश्चियनहरु पनि वस्दछन् । हिन्दु धार्मिक समुदायले दशै, तिहार, तिज, जनै पुर्णिमा, साउने सक्रान्ती, माघे सक्रान्ती, ऋषी पञ्चमी जस्ता चाडपर्वहरु मनाउदछन् । भने वौद्ध मार्गिहरुले बुद्ध जयन्ती, ल्होछार र अन्य हिन्दु धर्मका चाडहरु पनि मनाउंदछन् ।

यस गा.वि.स. का मठ मन्दीर र गुम्वाहरुमा राम मन्दीर (वडा नं. १) गोदावरी सिद्धेश्वर महादेव मन्दीर, नवधारा देवी मन्दीर, फुलचोकी मन्दीर, राम मन्दीर, बौद्ध गुम्वा (वडा नं. ५) ओखरनाथ मन्दीर, स्व मठ (वडा नं. ६), आनन्देव महादेव मन्दीर, शान्तीवन, बुद्ध मुर्ति (वडा नं. ८) र कृष्ण मन्दीर (वडा नं. ९) आदि पर्दछन् ।

## ४.२: तामाङ्ग जातिको सामान्य परिचय

तामाङ्ग जाति नेपालको विभिन्न जनजातीहरु मध्ये एक महत्वपुर्ण र प्राचीन जाति हो । यो जाति नेपालका विभिन्न स्थानहरुमा छरिएर रहेको पाईन्छ भने नेपाल वाहिर उत्तरपुर्वि भारतको पश्चिम वंगाल राज्यको दार्जीलिङ्ग सिक्किम तथा भुटान वर्मा (म्यान्मार) र उत्तर चिनको स्वाशासित क्षेत्र तिब्बतको केन्द्र सिगात्सेत्यमा पनि वस्ती वसाएको पाईन्छ । तामाङ्ग (२०५५) । हाल आएर यि तामाङ्ग जातिले काठमाण्डौ उपत्यकाको वरिपरिका विभिन्न स्थानहरुमा समेत आफ्नो वस्ति वसाएका छन् । कसै कसैले तामाङ्गहरुलाई मुर्मी पनि भन्दछन् । यस्को अर्थ (मुर सिमाना मि मानिस) सिमानाका वासिन्दा हुन्छ । तामाङ्ग शब्दको अर्थ तिब्बती भाषामा ता (घोडा), मांग(ब्यापारी) घोडा ब्यापारी भएकोले परापुर्व कालमा यिनिहरु घोडा ब्यापारी भएको अनुमान गरिन्छ । यिनीहरु जन्म सिद्ध बौद्ध मार्गी भएर पनि केही मात्रमा हिन्दु धर्मबाट प्रभावित भएको पाईन्छ । यिनीहरुको अन्य जातिको भन्दा वेग्लै प्रकारको संस्कार हरु छन् जस्तै पास्नी, छेवार, गुन्यु चोला दिने, विवाह र मृत्यु संस्कार आदि रहेका छन् ।

तामाङ्गहरुको मुख्य चाडपर्व बुद्ध धर्म अन्तर्गत पर्न आउने चाडपर्वहरु पर्दछन् जस्तै ल्होसार वुद्ध जयन्ती, पुर्णिमा त्यसवाट तामाङ्ग जातिहरु हिन्दु धर्म वाट समेत प्रभावित रहेका छन् जसले गर्दा हिन्दु धर्मावलम्वीहरुले मनाउने गरेका चाडपर्वहरु जस्तै दशै, तिहार, संक्रान्ती आदि लागायतका अन्य चाडपर्वहरु रमाईलोकासाथ मनाएको पाउंदछौ । त्यस्तै यिनीहरुले खेतीपाती भित्र्याउने समयमा भुमे पुजा गर्ने गर्दछन् भने साउने पुर्णिमालाई गुरु पुर्णिमाको रुपमा लामा तथा झाक्रिको नेतृत्वमा गोसाई कुण्ड कुम्भेश्वर र ह्यामा गएर पुजापाठ गर्ने नाचगान गर्ने तथा रमाईलो गर्ने गरेको पाईन्छ । यिनीहरुको सामाजिक आर्थिक र धार्मिक परम्परालाई भौगोलिक स्थितीले प्रभाव पारेको पाउंदछौ । किनकी पहाडमा वस्ने तामाङ्ग र तराईमा वस्ने तामाङ्गमा वोलिचाली लिएर खान पान भेष भुषा रहन सहन तथा धर्ममा समेत विविधता देखिन्छ । यी विविधता देखिएता पनि यिनीहरुले आफ्नो परम्परागत रुपमा चलि आएको थर स्वगे भाई प्रथा जस्ता कुरालाई कहिल्यै विर्सेको पाईदैन । यिनीहरुले फुपुचेला र मामा चेला विवाह गरेता पनि एउटै थर विच र स्वांगे भाईहरु विच विवाह गरेको पाईदैन । त्यस्तै गरी तामाङ्गहरुलाई गोरुको मासु खाने जाति पनि भनिन्छ किनकी एउटा भनाई पनि छ “१२ तामाङ्ग १८ जात, गोरुको मासु धानको भात” वास्तवमै यो भनाई सार्थक देखिन्छ किनकी अझ पनि तामाङ्गले गोरुको मासु खान छाडेको छैनन् । केही मात्रामा १८५४ को मुलुकी ऐनमा गाईको मासु खान निषेध गरेवाट केही मात्रमा हिन्दु धर्मको प्रभाव परेकाहरुले गाईको मासु खान छाडेको पाईन्छ । तामाङ्गहरुको मुख्य पेशा कृषि र पशुपालन हो । यिनीहरु खेतीको काम गर्ने तथा गाई, भैसी, भेडाबाखा, कुखुरा पाल्ने तथा राडिपाखी वुन्ने काम गर्दछन् । त्यस्तै केही पढे लेखेका तामाङ्गहरु ब्यापार, नोकरी तथा राजनैतिक क्षेत्रमा समेत संलग्न रहेको पाईन्छ । तामाङ्ग जातिहरुलाई मंगोल मुलको मानिन्छ । यिनीहरुले वोल्ने भाषालाई चिनिया महांवंशको भोट वर्मेली परिवारको भाषा भनिन्छ । भोट वर्मेली भाषाको तुलनामा तामाङ्ग भाषा गुरुङ्ग भाषासंग ६५५, थकाली भाषासंग ५७५ र मनाङ्गे भाषासंग ६२५ समानता र सहगोत्रिय देखिएको छ (तामाङ्ग २०५५) ।

तामाङ्गहरु सम्पुर्णमा ८८.८५ ले आफ्नो भाषा वोल्दछन् (जनगणना २०५८) यिनीहरुको परम्परागत भेष भुषामा पुरुषले वाक्लो कपडा (खागी) को दौरा सुरुवाल, टोपी, लुकुनी, कम्मरमा पटुकी वांधेर खुकुरी भिर्दछन् । महिलाहरु फरिया, चोली, स्यामा, पटुकी लगाउंदछन् भने

गरगहनाहरुमा चेप्टेसुन मुगामाला गहमाला काढुंग्री कुण्डल मोहर माला आदि लगाउंदछन् । यिनिहरुको मुख्य खानाको रुपमा थुक्पा, वावर, छयाम्वा, ढिंडो, आलु, छयाङ्ग, आईरेक (रक्सी) आदि हुन्छ । यिनीहरुको संस्कृतिमा डम्फु नाच सरस्वती नाच गितहरुमा तामाङ्ग सेलो, फावर गित, देवता गित आदी हुन । तामाङ्गमा कसैको मुत्यु भएमा साईत हेराएर मात्र लाशलाई लानुको साथै अन्य क्रियाकलापहरुमा पनि साहित नै हेरेर सम्पन्न गर्दछन् ।

# ४.२.१: उत्पत्ती र थर प्राप्ती

तामाङ्गहरुको उत्पत्ती र थर प्राप्तीवारे पनि विभिन्न कथाहरु प्रचलित छन् यो कथालाई ठाउं अनुसार फरक फरक पारी भनेको सुनिन्छ । जस्तोकी "उहिले संसारमा कोहि मानिस थिएन त्यसकारण दोर्जेग्यमले महागुरुलाई मनुष्यको सृष्टि गर्ने आमन्त्रण गरे त्यसपछि महागुरु (अहिबुद्ध) ले तिन भिक्षुहरु सृष्टि गरी ति भिक्षुहरुलाई मानिसको सृष्टि गर्न आज्ञा दिए ति भिक्षुहरुको नाम छेगु, लुंगु र टुल्कु थियो । भिक्षुहरु मनुष्य शरीर तयार गर्न सामर्थ भए तर प्रांण दिन असमर्थ भए त्यसपछि भिक्षुहरुले महागुरुको आराधना गरे त्यसपछि दोर्जेग्याङ्मले महागुरुलाई एउटा शक्ति ( वज्र) प्रदान गरे । महागुरुले उक्त बज्रलाई तिन टुक्रा पार्नु भयो र त्यही तिन टुक्रावाट तिन कन्यहरु डासिङ्ग डोल्मा, डासिङ्ग टासी र डासिङ्ग टुकु उत्पन्न भए । ति कन्याहरु यौवन अवस्थामा पुगेपछि तिनलाई बांदरसंग विवाह गरिदिनु भयो । डोल्मा र वांदरको योगवाट सातथरी तामाङ्गको सृष्ठि भयो जुन घिसिङ्ग, वल, थोकर, थिङ्ग, ङयासुर, ग्लान र रुम्वा नाम दिईयो । टासी र वांदरको योगवाट ६ थरी तामाङ्गहरुको सृष्टि भयो तिनिहरुलाई योन्जन, वम्जन, दोङ, डेके, स्यांवे र जिम्वा भनियो । टुकु र वांदरको योगवाट पाच थरी तामाङ्गहरु उत्पन्न भए तिनिहरुलाई पाखिन, मोक्तान, वाईवा, टुवा र लुङवा नाम दिईयो यसरी तामाङ्गहरुको उत्पत्ती भएको मानिन्छ (तामाङ्ग २०५१) ।

त्यस्तै तामाङ्गहरुको उत्पत्तीको अर्को कथा पनि पाईन्छ । त्यस्तो मतको आधारमा कह्याको छोरा विश्वकर्मा, विश्वकर्माको छोरा मय मयको छोरा तामाङ्ग भए र तामाङ्गको सन्तान नै आजका तामाङ्गहरु हुन (योगी २०३८(४५) ।

त्यस्तै तामाङ्गहरुको उत्पत्तीको सम्वन्धमा अर्को कथा पनि छ । जसलाई बंशिटार्ट (१९०६, १९९१:१४१) नोर्थी १९३८, २०५८ (५९) र मोरिस (१९३३,१९८५: १२०) ले पनि उल्लेख गरेका छन् । मुर्मी (तामाङ्ग) ले आफ्नो विषयमा वताउने यो प्रसिद्ध कथाको सार यस प्रकार छ । एक पटक ब्रम्हा, विष्णु र महेश्वर नाम गरेका ३ दाजुभाई शिकार खेल्न गए । तिनीहरु दिनभर घुमे तर तिनिहरुले निलगाई वा गौरी गाईलाई देखे विष्णुले त्यसैलाई वाण हानेर मारे तिनजना दिन भरिको थकाईले थाकेका र भोकाएका पनि थिए । त्यसैले तिनीहरु शिकार पकाउन तरखरमा लागेको थिए । गाईको छाला काटियो र भुंडी निकालियो । महेश्वर कान्छा भएकोले उनलाई आन्द्र भुंडी धुनको लागि नजिकैको खोलामा पठाईयो महेश्वर खोलामा गएको वखत ब्रम्हा र विष्णुले गाईको मासु काटकुट गरी नुन मसला हाली पकाएर खाने तयारी गरे । उनीहरुले पकाएको खानालाई तिन भाग लगाए खाने वेलामा ब्रम्हाले विष्णुलाई भने भाई यो गाईको मासु हो हामी कसरी खान सक्दछौ दुवैले सल्लाह गरी आफ्नो भाग लुकाए जव महेश्वर आन्द्र भुंडी सफा गरेर आए ब्रम्हा र विष्णु दुवै ले भने साह्रै भोग लागेकोले हामीले हाम्रो भाग खायौ तर तिम्रो लागि सवै तयार छ खाउ र वलियो होउ । महेश्वरले दुवै जनाको अगाडी आफ्नो भाग खाए उनले खाईसकेपछि ब्रम्हा र विष्णुले आफुले

लुकाएर राखेको भाग देखाए । गाईको मासु खायो भनि महेश्वरको निन्दा गरे यसले गर्दा महेश्वरलाई रीस उठ्यो र दुवै दाजुभाईलाई त्यही आन्द्रले हिर्काए । त्यही आन्द्रको केही भाग ब्रम्हा र विष्णुको कांधमा वेरिन पुग्यो त्यो आन्द्र नै ब्रम्हा र विष्णुको जनै (धागो ) वन्यो ।

गाईको मासु खाएको हुनाले महेश्वरलाई सामाजिक रुपमा निम्न रुपमा झारियो । त्यसैले गाई खाने भनेर जनिए । महेश्वर तामाङ्गका नेता भए । त्यही समय देखि नै महेश्वर देवताहरुसंग मुर्मीका वंशिय हुन र तिनलाई मुर्मीहरु आफ्नो मुख्य इश्वर मान्दछन् । वास्तवमा महेश्वर अनार्य थिए भन्ने कुरामा सवै सहमत छन् (शर्मा २०४९) । म्यानडोनाल्डले यसैमा तामाङ्ग झांक्रीद्धारा भनिएको कथा पनि जोडेका छन् । जस अनुसार तामाङ्ग का पुर्खा महेश्वरलाई वनझांक्रीले लगेका थिए । त्यसैले तामाङ्गहरु आफ्नो कामनालाई महेश्वरले मात्रै देवी देवताहरु कहां कसरी पुर्‍याउनु पर्दछ भन्ने कुरा जान्दछन् भन्ने विश्वास गर्दछन् (१९८३:१६४) यसलाई ब्रम्हाले पनि उल्लेख गरेका छन् (१९९७:३८) ।

# ४.२.२: नेपालमा आगमन

तामाङ्गहरुको नेपाल आगमनको विषयमा विभिन्न विद्वान र विदुषीहरुको विचमा विभिन्न विचारहरु पाईन्छ । जसमा नेपाल सरकार र सोभियत संघ सरकार विच भएको सांस्कृतिक सम्झौता अन्तर्गत लेनिनग्राद विश्वविद्यालय पुरातत्व संस्थानका प्रागैतिहासिक पुरातत्वविद्ध डा. एनातोली याकोष्लेभ स्टेनको वि.सं. २०३४ सालको हिउंदको अन्त्यमा २ महिनाका लागि अर्थात १५ जनवरी देखी २४ मार्च १९७८ सम्म नेपालको पुरातात्वीक अध्ययन भ्रमणमा नेपाल आएका थिए । उनले यहां वस्दा पुरातात्विक तिभावको सहयोगमा अनेक प्रागैतिहासिक पुरातात्विक स्थलहरुको अध्ययन गरे । जसको काठमाण्डौ उपत्यकाको वुढानिलकण्ठको दक्षिण पुर्व पर्ने वानिया पाखा र पण्डित गाउंको वीचमा रहेको धोवीखोला पनि एक हो । त्यस वेला डा. रोटेनकोले इ.३०,००० वर्ष भन्दा पहिलेका मंगोलियन गोवि नमुनाका ढुंगे हतियारहरु फेला पारेका थिए उक्त हतियारलाई डा. रोटेन्कोले तिन भागमा वर्गिकरण गरेका छन् ।

(क) गावी नमुनाका धार भएका

(ख) दुई धारे प्रिडम्पारिटक

(ग) तीन चुच्चे

उक्त तथ्यले काठमाण्डौ उपत्यकामा मंगोल जातिका मानिसहरु उत्तरतिरवाट आएका र यहां वसेका कुरा पुष्टि हुन्छ । यस वाट तामाङ्ग जातिहरु मंगोल मुलको अत्यन्तै पुरानो जाति मानिन्छ । सम्भवत: अहिले चर्चा गरिए झै मंगोल जातिका मानिस कुनै समय अहिले काठमाण्डौ उपत्यकामा आवद्ध भए र त्यसपछि अन्य वाहिरीया मानिसहरुको आगमन यस उपत्यकामा हुनथाले पछि ति मंगोलहरु उपत्यका भन्दा वाहिर रहेका पहाडी भुमितिर लागे । रहंदा वस्दा तिनै मंगोलहरु पछिल्लो समयमा आएर तामाङ्ग, मुर्मी आदि अनेक नामले सम्वोधन हुंदै गए । जो आज पनि त्यसै उपत्यकालाई चारैतिरवाट घेरेर वसेको पाईन्छ ।

त्यसै कारण त काठमाण्डौ उपत्यकाको वर्णन गर्दा नेपालका पुराना वंशावलीहरुमा नेपाल उपत्यकालाई आवाद गर्न मञ्जुश्री वोधिसत्व स्वयं अनेक शिष्यहरुका साथ महाचीनवाट आएका हुन भन्दछन् वंशावलीका यस कथाले पनि डा. टोटेन्टोको भनाई र तामाङ्गहरुको भावनालाई पुष्टि गर्दछ

प्रागैतिहासिक कालको धारणामा यस प्रकार पुष्टि भएतापनि ऐतिहासिक कालमा आएर मंगोलको प्रवेश विषयमा कुनै खास प्रमाण उपस्थित भएको हामी पाउँदैनौ । नुवाकोट जिल्ला निवासी तामाङ्गहरुको धारणा अनुसार आजभन्दा करिव १००० वर्ष पहिले तिब्बतमा मलंगमर्म नाम गरेका एक वुद्ध धर्म विरोधी राजा थिए । उनलाई उपाल्वो लुन्दर भनिन्थ्यो । मलंगमर्मले बुद्ध धर्मका अनुयायीहरुलाई दमन गरे । यस समय बुद्ध, बौद्ध गुम्बामा आगो लगाईयो र त्यसमा अनुयायी लामाहरुलाई गृहस्थ बन्न वाध्य तुल्याईयो । त्यतीमात्र नभएर बौद्ध मुर्तिपनि नष्ट गरिदिए । यस स्थितीमा केही भिक्षुहरु त्यहांबाट भागेर अन्यत्त गई आफ्नो ज्यान रक्षा गर्न सफल भए । मलंगमर्मले यस्तो दमन गरि रहेको समय छप्लग्नी दोर्जे नामक भिक्षुले भेष वदलेर नाटकिय ढंगवाट मलंगमर्मको हत्या गरी आफ्नो केही सहयोगीका साथ घोडामा चढेर तिब्बतबाट दक्षिण तर्फ लागे । त्यस समय बौद्ध धर्म विरोधीहरुले छप्लग्नी दोर्जे र उनका सहयोगीहरुलाई आजको नुवाकोट जिल्लाको उत्तरी भाग सम्म लखेट्दै आए । यसरी यता आएका भिक्षुहरु आजका रसुवा नुवाकोट जिल्ला आएर वसे पछि यहि ब्यक्तीहरु काठमाण्डौ, सिन्धुपाल्चोक, धादिङ्ग आदि ठाउंमा फैलिए (शर्मा जनकलाल, १०५८:३१९) भनेवाट यो पुष्टि हुन्छ कि तामाङ्गहरुको आगमन नेपालमा यहि समयबाट भएको हो ।

## ४.२.३: अध्ययन क्षेत्र गोदावरीमा तामाङ्गहरुको आगमन

यस अध्ययन क्षेत्र गोदावरीमा तामाङ्गहरुको आगमन कसरी भयो भन्ने सन्दर्भमा यस प्रकारको भनाई रहेको छ ।

गोदावरी भन्ने एरियामा परापुर्वकालमा धेरै असिना पर्ने गरेको भनाई पाईन्छ । असिना धेरै पर्ने कारणले गर्दा त्यस ठाउंमा कुनै पनि किसिमको वालीनाली हुंदैनथ्यो यसरी खेतीपाति नभएपछि त्यहां वसोवास गर्ने नेवारहरुले त्यसवेलाका सरकारसंग आफ्नो वालीनाली नभएको र असिनाको कारणले त्यसो भएकोले यस समस्याबाट मुक्त हुनको लागि विन्ती विसाएका थिए । सरकारले पनि उनीहरुको दुःखलाई मनन गरी त्यस ठाउंको असिनालाई हटाउनको लागि लासा (वोईठीम) वाट दुईजना लामा (गुरु) लाई वोलाएका थिए । यसरी लासावाट दुईजना लामाहरु धनसाथा र मनसाथा आउनु भएर त्यहांको असिना हटाउको लागि ५०० देखि १००० वटा भकारीले त्यस ठाउंलाई घेर्न लगाए लामा लमिनीहरु विभिन्न मन्त्र पढ्दै छयामर (नाच) गर्दै सम्पुर्ण असिनालाई चक्कुले काटेर भकारी भित्र थुपारेको भन्ने कथा छ ।

त्यसरी ति दुई लामाहरुको तप जपबाट असिना आउन हटाएर वालीनाली गर्न योग्य वनाएपछि त्यसवेला श्री ३ सरकार (गजेन्द्र शम्सेर) ले खुशी भई ति लामाहरुलाई त्यसै एरियाको टौखेल भन्ने ठाउंमा वस्न दिएका थिए । तर त्यस ठाउंमा पानीको अति अभाव भएको र वाली नाली नभएको कारणले गर्दा त्यस ठाउंमा वस्न अनुपयुक्त सम्झी पछि फेरी पौडोल भन्ने ठाउंमा वस्नको लागि सरकारले हुकुम दिएका थिए । नेवार भाषामा असिनालाई पो भन्ने गरेको र त्यसबाट पौडोल भन्ने ठाउंको नाउं रहन गएको हो । यसरी धनसाथ र मनसाथ सर्वप्रथम त्यस स्थानमा वस्नु भएको र उहांको छोरा छोरी वढेपछि विवाह गर्नको लागि त्यस ठाउंमा कुटुम्व नभएकोले ति दुई लामा दाजुभाई सल्लाह गरेर ४र४ पाथि पिठो लिई मचाङ्ग भन्ने ठाउंमा गोरेहरुको वस्ती भएको ठाउंमा पुगेर त्यहांका गोलेलाई आफनी छोरी समेत दिएर पौडोलमा ल्याएर वस्ती वसाए । त्यस्तै गरी गोले

वाहेक अन्य थरीका तामाङ्गहरु पनि यस्तै गरी वैवाहिक सम्वन्धबाट यस ठाउंमा आएका थिए (स्थानिय बृद्ध पेम्वा तामाङ्ग २०६५ अन्तवार्ता) ।

## ४.२.४: जनसंख्या र विवरण

तामाङ्ग जाति नेपाल अधिराज्यको ७५ वटै जिल्लाहरुमा छरिएर रहेका छन् यस वाहेक छिमेकी राष्ट्र भारतको दार्जिलिङ्ग कालगण्डकी सिक्कीम र आसामका विभिन्न क्षेत्रहरुमा यस जातिको वसोवास रहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जातिको कुल जनसंख्या १२८२३०४ जसमा पुरुषको जनसंख्या ६४१३६१ र महिलाको जनसंख्या ६४०९७३ रहेको तथायंकले देखाउंदछ ।

नेपालको मध्यमाञ्चल विकास क्षेत्र वाग्मती अञ्चल अन्तर्गत पर्ने काठमाण्डौ उपत्यका अन्तर्गत पर्ने ललितपुर जिल्लामा जम्मा ४१ वटा गा.वि.स. छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार ललितपुर जिल्लाको ४१ वटा गा.वि.स. मा तामाङ्गहरुको जनसंख्या जम्मा ४००५९ रहेकोमा पुरुषको संख्या २०५२७ तथा महिलाको संख्या १९५३२ रहेको छ ।

यसै गरी अध्ययान क्षेत्र गोदावरी नमुना गा.वि.स. का ९ वडाहरु मध्ये वडा नं. ५, ६ र ७ मा तामाङ्गहरुको वसोवास रहेको छ । जसको घर संख्या क्रमशः १५०, ६० र ११० गरी जम्म ३२० छ भने यहां तामाङ्गहरुको कुल जनसंख्या १३५९ रहेको छ जसमा महिलाहरुको संख्या ६७५ तथा पुरुषको संख्या ६८० रहेको छ ।

# परिच्छेद -५

# सामाजिक अवस्था

मानिस एक सामाजिक प्राणी हो समाज विना उ उक्लै वस्न सक्दैन त्यसैले उसको लागि समानज एउटा महत्वपुर्ण अंग हो मानिसको सामाजिक अवस्था के कस्तो रहेको छ सो कुराको उल्लेख गर्नुपर्दा उ वसेको समाजको मुल्य मान्यता चालचलन ब्यवहार धर्म संस्कृति संस्कार परम्परा कानूनले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । त्यसै गरी गोदावरी गाउं विकास समितिमा अवस्थत तामाङ्ग जातिका महिलाहरुको सामाजिक अवस्थालाई उल्लेख गर्नु पर्दा यहां धार्मिक दृष्टिकोणले हिन्दुहरुको वाहुल्यता रहेको छ ।ि यीस विभिन्न जातिहरुको आआफ्नै भाष धर्म संस्कृति र परम्परा रहेका छन् । यस अध्ययन क्षेत्रको वडा नं. ५ ६ र ७ मा तामाङ्ग जातिको वासोवास रहेको छ तामाङ्ग जाति महिलाहरुको सामाजिक अवस्थाको अध्ययन गर्नको लागि स्थलगत सर्वेक्षण गर्दा त्यस वडाको विभिन्न टोल टोलमा गई गरिएको छ । उत्तर अध्ययनमा समेटिएका उत्तरदाता महिलाहरुको सामाजिक अवस्था उनीहरुको उमेर वैवाहिक स्थिती पारिवारिक संरचना परिवारको आकार प्रजनन दर शैक्षिक अवस्था स्ववाथ्इ भाषा संरचनागत स्थिती राजनैतिक पक्ष संस्कारहरुमा उनीहरुको संलग्नता पारिवारिक निर्णय प्रकृयामा महिलानहरको संलग्नता आदिको वारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## ५.१ः जनसंख्या

जनसंख्या सामाजिक अवस्था दर्शाउने एउटा महत्वपुर्ण मापदण्ड हो । जनसंख्याको अध्ययनवाट जन्म तथा मृत्यु दर आश्रित दर परिवारको आकार तथा प्रकार लिंङ्ग अनुपात आदिको वारेमा जानकारी हासिल गर्न सकिन्छ । जनसंख्या अध्ययनको क्रममा यदि कुनै परिवारमा वच्चाहरुको संख्या धेरै देखिएको हामी सहजै भन्न सक्दछौ कि त्ये परिवार सामाजिक रुपमा पिछडिएको छ । जुन परिवारको सामाजिक अवजस्था कमजोर हुन्छ । त्यस परिवारमा महिलाको सामाजिक अवस्था झनै कमजोर हुने गर्दछ । त्यसरी नै परिवारमा वच्चा बच्चीहरुको संख्या वढनाले आश्रित दर बढ्न जान्छ जसको फलस्वरुप महिलाहरुलाइृ अदृश्य कामको वोझ थपिन जान्छ । जुन समाजमा जन्मदर मृत्युदर आश्रित अनुपात तथा परिवार संख्या उच्च रहन्छ त्यसो परिवारको सामाजिक आर्थिक अवस्था कमजो हुन्छ । जसको पलस्वारुप महिलाको सामाजिक आर्थिक अवस्था झन कमजोर वन्न पुग्दछ तसर्थ जनसंख्याको अध्ययन सामाजिक अवस्थाको ऐन हो ।

अध्ययनका क्रममा नमुना छनौटमा परेका परिवारको घरमुली महिलाको उमेरको आधारमा गरिएको वर्गिकरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाहरुको उमेर अनुसार वर्गिकरण

तालिका नं. ६

| सि.नं. | उमेर समुह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० बर्ष | ७ | २१.८८ |
| २ | ३०-४० बर्ष | ८ | २५.०० |
| ३ | ४०-५० बर्ष | ७ | २१.८८ |
| ४ | ५०-६० बर्ष | ७ | २१.८८ |
| ५ | ६० वर्ष भन्दा माथि | ३ | ९.३६ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

त्यसरी नै उत्तरदाता महिलाहरुको परिवारको जनसंख्याको उमेर तथा लिंगको आधारमा वर्गिकरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाहरुको परिवारको उमेरगत जनसंख्या विवरण

तालिका नं. ७

| सि.नं. | उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ०-५ बर्ष | ६ | ७.५९ | ७ | ८.४३ | १३ | ८.०२ |
| २ | ६-१५ बर्ष | २४ | ३०.३८ | २४ | २८.९२ | ४८ | २९.६३ |
| ३ | १६-५९ बर्ष | ४६ | ५८.२३ | ४८ | ५६.८३ | ९४ | ५८.३ |
| ४ | ६० वर्ष भन्दा माथि | ३ | ३.८० | ४ | ४.८२ | ७ | ४.३२ |
| | जम्मा | ७९ | १०० | ८३ | १०० | १६२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ७ अनुसार ०-५ बर्ष उमेर समुहका पुरुषहरु ६(७.५९%) तथा महिलाहरु ७ (८.४३%) गरि जम्मा जनसंख्या १३ (८.०२%) रहेको पाईयो । तयसरी नै ६-१५ बर्ष

उमेर समुहमा पुरक्ष २४ (३०.३८%) तथा महिला २४ (२८.९२%) गरि जम्मा जनसंख्या ४८(२९.६३%) रहेकोमा १६-५९ बर्ष उमेर समुहमा पुरुष ४६(५८.२३%) तथा महिला ४८(५६.८३%) गरि जम्मा जनसंख्या ९४ (५८.३%) रहेको पाईयो । अन्तमा ६० बर्ष भन्दा माथि उमेर समुहमा पुरुष ३ (३.८०%) तथा महिला ४ (४.८२%) गरि जम्मा जनसंख्या ७ (४.३२%) रहेको पाईयो ।

# ५.२. परिवारको किसिम

सृष्टिको शुरुवात अर्थात मानव सभ्यताको उत्पत्तीको नै परिवारको विकास भएको पाईन्छ वच्चहरुले समपुर्ण सामाजिकीकरणका कुरा परिवारवाट सिक्ने भएकोले यसलाई पहिलो पाठशाला पनि भन्न्छि । सामान्यतया परिवार तीन प्रकारका हुन्छन् । आमा वावु र अविवाहिता छोरा छोरी रहेको परिवारलाई एकात्मक परिवार भनिन्छ । तिन वा सो भन्दा वढी पुस्ता एउटै परिवारमा रहनुलाई स.युक्त परिवार र सदस्य संख्या वढी भएको तीन पुस्ता भन्दा वढी सदस्य एउटै परिवारमा वसेका छन् भने त्यस्तो परिवारलाई बृहत परिवार भनिन्छ । प्रचीन कालमा भन्दा आधुनिक कालमा एकात्मक परिवारको संख्या दिनानुदिन वढ्दै गएको पाइृन्छ । यस अध्ययन क्षेत्रका पनि संयुक्त परिवार भन्दा एकात्मक परिवार वढी रहेको पाईयो । अध्ययनको क्रममा छनौटमा परेका परिवारका किसिमलाइृ निम्न तालिका अनुसार प्रस्तुत गरिएइको छ ।

उत्तरदाता तामाङ महिलाहरुको परिवार किसिम

तलिका नं. ८

| सि.न. | परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक परिवार | २६ | ८१.२५ |
| २ | संयुक्त परिवार | ६ | १८.७५ |
| ३ | बृहत परिवार | ० | ० |
|  | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

यस गाउंको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांकका आधारमा एकात्मक परिवारको संख्या २६ अर्थात ८१.२५%संयुक्त परिवारको संख्या ६ अर्थात १८.७५%र बृहत परिवार संख्या ०% रहेको पाईयो

# ।५.३ः परिवारको आकार

ग्रामीण क्षेत्रमा परिवारको आकारले नै महिलाहरुको कामको अवस्था स्वास्थ्य अवस्था र खाद्यान्नको अवस्थालाई निर्धारण गर्ने गर्दछ । आज ठुलो परिवार हुनु अविकसित समाजको चरित्रको रुपमा लिइृन्छ त्यसैले यस अध्ययनमापनि महिलाहरुको सामाजिक स्थिती वुझ्नको लागि परिवारको आकार सम्वन्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता तामाङ महिलाहरुको परिवारको आकार

तालिका नं. ९

| सि.न. | परिवारको आकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २-४ जना परिवार सदस्य हुने | १० | ३१.२५ |
| २ | ५-१० जना परिवार सदस्य हुने | २२ | ६८.७५ |
| ३ | १० भन्दा माथि परिवार सदस्य हुने | ० | ० |
| | जम्मा | ३२ | १०० |

श्रोत: स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ९ मा उल्लेख भए अनुसार २-४ जना परिवार सदस्य हुने परिवार संख्या १० अर्थात ३१.२५% रहेको छ भने ५-१० जना परिवार सदस्य हुने परिवार संख्या २२ अर्थात ६८.७५% र १० जना भन्दा वढी परिवार सदस्य हुने परिवार संख्या ० रहेको छ । नमुना छनौटमा परेका महिलाअरु मध्ये सवैभन्दा वढी परिवार संख्या भएको परिवारको परिवार संख्या ७ रहेको पाईयो । यसरी एकात्मक परिवाको अवधारणले गर्दा परिवारको संख्यामा कमी आएको छ पिहिले कृषि कार्य गर्नको लागि बृहत तथा संयुक्त परिवारको प्रणालीको वाहुल्यता रहेको थियो तर वर्तमान समयमा मानिसहरु खेती भन्दा ब्यापार ब्यवसाय ज्याला मजदुरी विदेश जाने जस्ता कार्यमा सरीक हुन थालेकाले र एकात्मक परिवार प्रणालीले गर्दा परिवारको आकारमा परिवर्तन आएको हो ।

## ५.४: विवाह

विवाह एक त्यस्तो सामाजिक संस्था हो । जसले स्त्री र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराउंदछ । विवाह प्रत्येक समाजमा पाईन्छ जुन एक त्यस्तो वलियो सम्वन्धको गांठो हो जसमा पुरुष र महिलालाई वच्चा उत्पादन गर्ने सामाजिक स्वीकृत प्राप्त हुन्छ । मानवको यौन इच्छाको सन्तुष्टिको लागि विवाह परिवार तथा नातदारी ब्यवस्थाको जन्म गराउंदछ । हुनत परिवार वाहिर पनि यौन सन्तुष्टि सम्भव छ तर त्यसलाई समाजले अनुचित मान्दछ त्यसैले मानवलाई निश्चित यौन सम्वन्धको आधारमा पारिवारिक जीवनमा प्रवेश गराउने प्रक्रिया नै विवाह हो । विवाहले एउटा छोरीलाइ बुहारी भाउजु आमा श्रीमती तथा सासुको रुपमा परिणत गर्दछ । विवाहले महिलाहरुको हैसियत र भुमिकामा परिवर्तन ल्याइदिन्छ । उनीहरुको कर्तब्य र कार्यभार वढाउंदछ । हाम्रो समाजमा विवाह विभिन्न किसिमले परम्परादेखि नै चलिई आएको पाइन्छ । हाम्रो समाज वहुजति वहुधार्मिक तथा वहुभाषिक भएको यहां आआफ्नै जात अनुसार विवाह पद्धति परम्परा तथा पद्धतिहरु पनि फरक फरक रहेका छन् । मागी विवाह प्रेम विवाह चोरी तथा जारी विवाह गर्ने प्रचलन रहि आएको छ यस अध्ययन क्षेत्रमा उत्तरदाता महिलाहरुको पनि परम्परागत

रुपमा प्रचलनमा रहेको माथि उल्लेखित विवाह नै भएको पाइन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाहरको विवाहको प्रकार

तालिका नं. १०

| सि.नं. | विवाहको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागि विवाह | २६ | ८१.२५ |
| २ | प्रेम विवाह | ६ | १८.७५ |
| ३ | चेरी जारी विवाह | ० | ० |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिकावाट के थाहा पाइन्छ भने यस अध्ययन क्षेत्रमा वढीमात्रमा मागि विवाह नै प्रचलनमा रहेको पाइन्छ । तामाङ्ग जातिमा पनि छोरीलाई सानै उमेरमा विवाह गरि दिने कारणले मागी विवाहको वाहुल्यता रहेको हो । अध्ययन क्षेत्रमा मागि विवाह गर्ने महिलाहरुको संख्या २६ जना अर्थात ८१.२५% रहेको पाईयो त्यस्तै प्रम विवाह गर्नेको संख्या ६ जना अर्थात १८.७५% रहेको पाईयो भने चोरी तथा जारी विवाह कसैले गरेको पाईएन समयको परिवर्तन संगै विवाह पद्धतिमा पनि परिवर्तन हुंदै गएको छ । यस जातीमा पहिले सानै उमेरमा विवाह गरि दिने चलन रहेको कुरा नमुना छनौटमा परेका ३२ जना महिलाहरु मध्ये २९ जनाको विवाह २० बषृ भन्दा कम उमेरमा भएको पाईएवाट पनि प्रष्ट हुन्छ नमुना छनौटमा परेका महिलाहरुको विवाह गर्दाको उमेरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाको विवाह गर्दाको उमेर

तालिका नं. ११

| सि.नं. | विवाह गर्दाको उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५ वर्ष भन्दा कम उमेरमा | १६ | ५०.०० |
| २ | १६ देखि १७ बर्ष उमेरमा | ६ | १८.७५ |
| ३ | १८ देखि १९ बर्ष उमेरमा | ७ | २१.८८ |
| ४ | २० भन्दा माथि | ३ | ९.३७ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. ११ अनुसार छनौटमा परेका महिलाहरु मध्ये सवै भन्दा वढी अर्था ५०%को विवाह गर्दाको उमेर १५ बर्ष भन्दा कम रहेको पाइयो जसको संख्या १६ रहेको छ । त्यसरी नै कुल उत्तरदाता महिलाहरु मध्ये ७ जना अर्थात २१.८८ %को विवाह गर्दाको उमेर १८ देखि १९ बषृ रहेको छ भाने विवाह गर्दाको उमेर १७ देखि १७ बर्षको विचमा रहेका महिलाहरको संख्या ६ अर्थात १८.७५% रहेको पाईयो । २० बर्ष भन्दा वढी उमेरमा विवाह हुने उत्तरदातामहिलाहरुको सिंख्या ३ अर्तात ९.३७%रहेको पाईयो ।

त्यसरी नै तपाईलाई विवाह कति बर्षको उमेरमा गर्दा उपयुक्त हुन्छ होला ? भनेर सोधिएको प्रश्नमा उत्तरदाता महिलाहरुले प्रस्तुत गरेको धारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता तामाङ महिलाहरुको विवाह गर्ने उमेर सम्वन्धी धारणा

तालिका नं. १२

| सि.नं. | विवाह योग्य उमेर सम्वन्धी धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५ वर्ष भन्दा कम उमेरमा | ० | ० |
| २ | १६ देखि १७ बर्ष उमेरमा | ० | ० |
| ३ | १८ देखि १९ बर्ष उमेरमा | ७ | २१.८८ |
| ४ | २० बर्ष भन्दा माथि | २५ | ७८.१२ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार १८ बर्ष देखि १९ बर्षको विचमा विवाह गर्दा उपयुक्त हुन्छ भन्ने उत्तरदाता महिलाहरुको संख्या ७ अर्थात २१.८८%रहेको र २० बषृ भन्दा वढी उमेरमा विवाह गर्न उपयुक्त हुन्छ भन्ने उत्तरदाता महिलाहरुको सँख्या २५ अर्थात ७८.१२% रहेको पाईयो त्यस्तै १८ बकर्ष भन्दा कम उमेरमा विवाह गर्ने सम्वन्धमा कसैले पनि उपयुक्त मानन ।

यसरी अध्ययन क्षेत्रका महिलाहरुको आफ्नो विवाह कम उमेरमा भएको पाईएता पनि कम उमेरमा भन्दा उमेर पुगेपछि मात्र विवाह गर्नु उपयुक्त हुन्छ भन्ने भावनाको विकास भएको पाईन्छ ।

## ५.५: शैक्षिक स्थिती

समाजमा महिलाहरुको के कस्तो स्थिती रहेको छ भन्ने कुरा उनीहरुको शैक्षिक स्थितीले पनि झल्काउंदछ । साथै साक्षर महिलाहरु पुरुषसंग तुलनात्मक रुपमा कम दविएर रहेको छन् भने निरक्षर महिलाहरु वढी शोषित छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार कुल जनसंख्याको ४२.५% महिलाहरु मात्र साक्षर रहेका छन् । आधुनिक युगमा शिक्षा एक अपरिहार्य आवश्यकता वनेको छ । शिक्षाले अन्धकार रुपी अज्ञानता तथा अशिक्षलाई हटाई समाजलाई प्रगतिको पथमा

लम्काउन सघाउ पुर्याउंदछ । शिक्षा विनाको मानिस पशु सरह मानिन्छ । शिक्षित ब्यक्ती ज्ञानी इमान्दारी नैतिकवान चरित्रवान भलादमी हुन्छन् । तयसैले पनि यसको आवश्यकता वढदै गएको हो । यस अध्ययनको क्रमा नमुना छनौटमा परेका महिलाहरुको शैक्षिक अवस्थासंग तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाहरुको शैक्षिक अवस्था

तालिका नं. १३

| सि.नं. | शैक्षिक स्थिती | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १९ | ५९.३८ |
| २ | साक्षर | १३ | ४०.६२ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १३ अनुसार यस अध्ययन क्षेत्रमा सवेभन्दा वढी १९ जना अर्थात ५९.३८% महिलाहरु निरक्षर रहेका छन् भने १३ जना अर्थात ४०.६२% उत्तरदाता महिलाहरु मात्र सक्षर रहेका छन् । यसको प्रमुख कारण भनेको महिलाहरुको कम उमेरमा विवाह हुनु शैक्षिक क्षे प्रतिको जन चेतनाको कमी तथा कमजोर आर्थिक अवस्था नै हो तर वर्तमान शिक्षा प्रति उनीहरुको धारण केही सकारात्मक रहेको पाईएता पनि महिला शिक्षामा भने त्यती जो दिईएको पाईदैन । यसका लागि उत्तरदाता महिलाहरुको परिवारको महिला तथा पुरुषको समग्र शैाक्षिक अवस्थाको अध्यन गर्ने प्रयास गरिएको छ । यसका लागि नमुना छनौटमा परका महिलाहरुको जम्मा ३२ परिवारको कुल जनसंख्या १६२ मध्ये शिक्षा हासिल गर्ने उमेर पुगेका १४९ जनसंख्याको शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । उत्तरदातामहिलाहरुको परिवारको लिंगगत शैक्षिक अवस्था ।

## उत्तरदाता तामाङ महिलाहरुको परिवारको शैक्षिक अवस्था

तालिका नं. १४

| सि.न. | शैक्षिक स्थिती | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | निरक्षर | २१ | २८.७८ | ३२ | ४२.११ | ५३ | ३५.५७ |
| २ | साक्षर | २५ | ३४.२४ | ३१ | ४०.७९ | ५६ | ३७.५८ |
| ३ | प्राथमिक | १३ | १७.८१ | ९ | ११.८४ | २२ | १४.७७ |
| ४ | माध्यमीक | ८ | १०.९५ | ३ | ३.९५ | ११ | ७.३८ |
| ५ | उच्च शिक्षा | ६ | ८.२२ | १ | १.३१ | ७ | ४.७० |
| | जम्मा | ७३ | १०० | ७६ | १०० | १४९ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरुको परिवारको पुरुषको साक्षरता ७१.२२% रहेकोमा ६४.४३ % मात्र रहेको पाईयो यसरी पारिवारिक महिला साक्षरता प्रतिशत उत्तरदाताको साक्षरता प्रतिशत भन्दा वढी पाईएबाट यस जातिमा शिक्षाको आवश्यक महसुस गर्न थालिएको सहज अनुमान गर्न सकएिता पनि महिलाहरुलाई पढाईने कार्यले अझै मुर्तरुप लिन नसकेको कुरा एस.एल.सी. पास गर्ने एक जना मात्र महिला भएवाट पनि सहजै अनुमान लगाउन सकिन्छ । विशेषगरी तामाङ्ग जाति महिलाहरु यति धेरै मात्रमा निरक्षर हुनुमा सानै उमेरमा विवाह गरिदिने परिपाटि र घरब्यवहारमा अल्झीनु पर्ने वाध्यता पनि हो तैपनि परिवारमा छोरा छोरीलाई अझ पनि समान ब्यवहार गरिदैन । यसरी तामाङ्ग जाति महिलाहरुको शैक्षिक अवस्था न्यून रहेको कुरा माथिको तालिकाबाट प्रष्ट हुन्छ ।

# ५.६: स्वास्थ्य स्थिती

महिलाहरुको सामाजिक अवस्था कस्तो रहेको छ भनेर देखाउने अर्को मुख्य कारक तत्व स्वास्थ स्थिती पनि हो । अध्ययन क्षेत्र काठमाण्डौ उपत्यका पर्ने भएकोले गर्दा पनि अस्वास्थ्य पर्दा प्रायजसो मानिसहरु अस्पताल मै उपचार गराउने गर्दछन् । शिक्षाको अभावले गर्दा यस अध्ययन क्षेत्रका महिलाहरु धामी झंक्रीमा पनि विश्वास राख्दछन् र विरामी पर्दा अस्पतालमा जानुको सट्ट विभिन्न देवी देवतालाई भाकल गरेर पन्छाउने काम गर्दछन् । अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरुले उपचार गर्नको लागि प्रयोग गर्ने विधिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

स्वास्थ्य सम्वन्धी उत्तरदाता तामाङ महिलाहरुको धारणा

तालिका नं. १५

| सि.नं. | उपचार गराउन प्रयोग गर्ने विधि | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | झारफुकमात्र | २ | ६.२५ |
| २ | अस्पताल मात्र | २० | ६२.५० |
| ३ | दुवै | १० | ३१.२५ |
| | जम्मा | ३२ | १०० |

श्रोत: स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका नं. १५ वाट के देखिन्छ भने कुल ३२ जना उत्तरदाता महिलाहरु मध्ये सवैभन्दा वढी २० जना अर्थात ६२.५०%महिलाहरु अस्पतालको उपचारमा विश्वास गर्दछन् । त्यसै गरी झरफुकमा मात्र विश्वास गर्नेको संख्या अत्यन्त न्यून २ जना अर्थात ६.२५% मात्र रहेका छन् तर अस्पताल र डक्टरका अतिरिक्त झरफुकमा पनि विश्वास गर्ने महिलाहरुको संख्या १० जना अर्थात ३१.२५% रहेका छन् । यसका आशय के देखिन्छ भने कुल महिलाहरु मध्येका बृद्ध अवस्थामा पुगेकाहरुले अझैपनि धामी झाँक्रीहरुमा विश्वास गर्दछन् तर झारफुकमा मात्र विश्वास गर्नेको

संख्या कम नै छ । आधुनिक २१ औं शताब्दीमा आईपुग्दा पनि यस्तो पाउनु नेपाल र नेपाली ग्रामीण अवस्थाको वास्तविकता हो । तापनि भन्न सकिन्छ कि महिलाहरुको चेतना शक्तिको स्तर बृद्धि भई रहेको छ । अन्धविश्वास, पुरातनवादी संस्कार, स्थानिय स्थानमा डक्टरको कम पहुंच नै यसको प्रमुख कारण हो ।

# ५.७: प्रजनन विवरण

प्रजननले महिला तथा पुरुष अर्थात मानव दम्पत्तीको सन्तनोत्पादन कार्यलाइ जनाउंदछ नेपाल ग्रामीण क्षेत्रले भरिएको तथा निरक्षर जनसंख्याले ढाकेको मुलुक भएकोले यहां उच्च जन्मदर हुनु सामान्य कुरा हो तर यसकै कारणले गर्दा ग्रामीण भेगमा वसोवास गर्ने महिलाहरुको आर्थिक तथा सामाजिक स्थिती दयानिय नै देखिन्छ तर परिवार नियोजन जस्ता महत्वपुर्ण कार्यक्रमले गर्दा यो अवस्था सुध्रिएर आएको छ । जुन कुराको अध्ययनको क्रममा लिईएको तथ्यांकले वास्तविक विवरणलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

उत्तरदाता तामाङ महिलाहरुको प्रजनन विवरण

तालिका नं. १६

| सि.न. | प्रजनन दर संख्यामा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ देखि २ बच्चा जन्माउने | १२ | ३७.५० |
| २ | ३ देखि ४ बच्चा जन्माउने | १४ | ४३.७५ |
| ३ | ५ देखि माथि बच्चा जन्माउने | ६ | १८.७५ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार के थाहा हुन आउंदछ भने १ देखि २ वटा बच्चा जन्माउने उत्तरदाता महिलाहरको संख्या १२ अर्थात ३७.५० % देखिन्छ । त्यस्तै गरी ३ देखि ४ जना बच्चा जन्माउने उत्तरदाता महिलाहरको संख्या १४ अर्थात ४३.७५% रहेको पाईयो र त्यस्तो ५ जना देखि माथि बच्चा जन्माउने उत्तरदाता महिलाहरको संख्या ६ अर्थात १८.७५ % रहेको पाईयो । प्रजनन विवराणको अध्ययन गर्दा ५ जना भन्दा वढी बच्चा जन्माउने उत्तरदाता महिलाहरु ५० बर्ष भन्दा वढी उमेर समुहका पाईनु तथा त्यो भन्दा कम उमेर समुहका महिलाहमा थोरै सन्तान जन्माउन उपयुक्त हुन्छ भन्ने भावनाको विकास भएको पाईएबाट पनि अध्ययन क्षेत्रको महिलाहरुको प्रजनन दर घट्ने क्रममा रहेको सहजै अनुमान लगाउन सकिन्छ ।

## ५.८: परिवार नियोजन

परिवार नियोजन महिलाहरुको अवस्थालाई बुझ्उनुका साथै उनीहरुको चेतनालाई पनि बुझ्उंदछ । स्वास्थ्य र सक्षम महिला हुनको लागि उनीहरुको स्वास्थ्यताको आवश्यकता पर्दछ । जुन कुरालाई परिवार नियोजन र विभिन्न साधनहरुले प्रत्यक्ष प्रभाव पनि पारि रहेको हुन्छ । उल्लेखित उत्तरदाता महिलाहरुको परिवार नियोजन र त्यसको प्रयोगलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता तामाङ महिलाहरुको परिवार नियोजनको अवस्था

तालिका नं. १७

| सि.नं. | परिवार नियोजन अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्थायी परिवार नियोजन गर्नेको संख्या | १० | ३१.२५ |
| २ | स्थायी परिवार नियोजन गर्नेको संख्या | १३ | ४०.६३ |
| ३ | परिवार नियोजन नगर्ने | ९ | २८.१२ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार गोदावरी गाउं विकास समितिका महिलाहरुलाई विगत लामो समयदेखि उचित जनसंख्या नियन्त्रणको लागि स्थायी तथा अस्थायी रुपमा परिवार नियोजन गर्नको लागि गरिएका प्रयास स्वरुप कुल उत्रदाताको ३१.२५%ले स्थायी परिवार नियोजन गरेका छन् भने ४०.६३% महिलाहरुले परिवार नियोजनका अस्थायी साधनहरु नरप्लान्ट कमल चक्की संगिनी सूनोलो गुलाफ निलोकन ह्वाईट आदिको प्रयोग गरेको पाइृन्छ । कुल ३२ जना उत्रदाता महिलाहरु मध्ये २८.१२% मसिहलाहरुलेभने परिवार नियोजनको कुनै पनि साधन प्रयोग गरेको पाईएन । यसरी परिवार नियोजनको कुनै पनि साधन प्रयोग नगर्नेहरुको समुहमा ५० बर्ष भन्दा वढी उ्मेर समुहका महिलाहरु रहेका छन् ।यसबाट परिवार नियोजन प्रति उत्तरदाता महिलाहरुको धारणा सकारात्मक नै रहेको अनुमान सहजै लगाउने सकिन्छ त्यसरी नै तपाइृहरुलाई परिवार नियोजनको वारेमा के थाहा छ भनि सोधिएको प्रश्नमा अधिकांक्ष उत्तरदाताहरु अर्थात ९८.२५%ले चाहिएको जति बच्चा जन्माउने, बच्चा जन्माउन रोक्ने आदि जस्ता सकारात्मक जवाफ दिए भने मात्र १.७५% आफुलाई केही थाहा नभएको वताए ।

## ५.९: संस्थागत तथा समुहगत संलग्नता

महिलाहरुको चेतना स्तर र अवस्था के कस्तो छ बुझ्नको लागि उनीहरुको संस्थागत तथा समुहगत संलग्नताले पनि सहयोग गर्दछ । किनकी महिलाहरुको संलग्नताले विभिन्न सामाजिक चेतनामुलक आय आर्जन मुलक अधिकार तथा कर्तब्य जस्ता पक्षको जानकारी हुन्छ । यसरी संलग्न महिलाहरुको स्थान समाज र परिवारमा उच्च रहेको हुन्छ । यस अध्ययनको शिलसिलामा तपाई कुनै

संघ वा संस्थामा अवद्ध हुनुहुन्छ भनि सोधिएको प्रश्नमा कुल ३२ उत्रदाताहरु मध्ये सवैले आफु कुनै पनि संघ संस्थामा संलग्नता नभएको वताए । यसवाट पनि अध्ययन क्षेत्रको महिलाहरुको सामाजिक अवस्थाको सहज अनुमान लगाउन सकिन्छ ।

## ५.१०: राजनीतिक अवस्था

राजनितिक पनि मानिसको जीवनको लागि आवश्यक पर्ने विभिन्न तत्वहरु मध्ये एउटा महत्वपुर्ण तत्व हो मानिसले आफ्नो स्स्कृति र समाजलाई जोगाई राख्न र विकास गर्नका लागि यसको आवश्यकता पर्दछ । हरेक ब्यक्तीलाई उचित मार्गदर्शन गराएर समाजलाई विकासको वाटोतिर उन्मुख गराउन नेर्तत्वको आवश्यकता पर्दछ । नेतृत्व नियन्त्रण र निर्देशन जस्ता महत्वपुर्ण पक्षहरु राजनैतिकवाट नै प्राप्त गर्न सकिन्छ । मानव समाजलाई ढुंगे युग देखि हालको आधुनिक पुंजिवादी युगसम्म ल्याउन राजनैतिकको प्रत्यक्षवा अप्रत्यक्ष रुपमा महत्वपुर्ण भुमीका रहेको हुन्छ । राजनैतिक पक्षको विकास हुनुको पछि नेतृत्वको आवश्यकता परिपुर्ति गर्नु हो । भने विधि(कानून) को शासन कायम गर्नु पनि हो । प्रचीन इतिहासलाइृ हेर्दा पहिले पहिलेजो शक्तीशाली थियो नेतृत्व त्यसैको हातमा हुन्थ्यो भने हाल वलको भरमा चल्ने नेतृत्व शक्तिमा परिवर्तन आई सैद्धान्तिक पक्षको वोलवाला र कुटनितीमा भरपर्ने गरेको पाइृन्छ । कुनै पनि राष्ट्रलाईँ संचालन गर्ने नितीगत ब्यवस्थालाई नै राजनैनिक ब्यवस्थाको संज्ञा दिन सकिन्छ । राजनेतिकलाइृ अलग राख्न सकिँदैन चाहे त्यो गाउं स्तरमा होस वा राष्ट्रिय स्तरमा हो जाहा पनि राजनैतिक ब्यवस्थाले हात हालेको पाइृन५ र राजनैतिक परिप्रक्षमा यसै गाउं विकास समीतिमा वसोवास गर्ने महिलाहरुको राजनैतिक विश्लेषण गर्दा गरीवि र चेतनाको अभावको काराण्ले सवल बन्न सकेको देखिँदैन । उल्लेखित गाउंको महिलाहरुको राजनैतिक क्षेत्रको पहुंच र ज्ञानको लागि तपाईले कुनै राजनैतिक पद धारण गर्नु भएको छ भनेर सोधिएको प्रश्नमा सम्पुर्ण उत्तरदाताहरुले आफु कुनै राजनैतिक पद ग्रहण नगरेको र हाल सम्म कुनै पनि राजनैतिक निर्वाचनमा नलडेको वताए । यसबाट अध्ययन क्षेत्रका तामाङ्ग महिलाहरु राजनैतिक रुपमा पिछडिएको अनुमान लगाउन सकिन्छ ।

# परिच्छेद :छ
# आर्थिक अवस्था तथा निर्णय प्रक्रिया

कुनै पनि देश वा समाजको प्रमुख मेरुदण्डको रुपमा रहेको अर्थतन्त्र जति सवल र मजवुत हुन्छ त्यति नै उक्त देश वा समाजको विकास, प्रगति र उन्नति हुदै जान्छ । यस अध्ययन क्षेत्र गोदावरी गाउँ विकास समितकिो तामाङ जाति महिलाहरुको आर्थिक अवस्था कमजोर देखिन्छ । यहाँका महिलाहरु कृषि, पशुपालन, ज्याला मजदुरी, रोजगारी, व्यवसाय जस्ता काम गरेर आफ्नो जीवन गुजार्न वाध्य छन् । पर्याप्त जग्गा जमिनको अभाव, सिंचाई सुविधाको अभाव, उन्नत मल, बीउ तथा रासायनिक मलको उच्च मूल्य बृद्धिले गर्दा यहान्को कृषिले महिलाहरुको जिवनस्तर उकास्न सकेको छैन । बाह्रै महिना लगातार खटेर परिश्रम गरेपनि मुश्किलले छ महिना भन्दा बढीखान पुग्दैन । गरीबी र आर्थिक विपन्नताले पिल्सिएका यस गाउँका तामाङ जाति उत्तरदाता महिलाहरुको पेशा, भूस्वामित्व, पशुपालनको स्थिति, खाद्यान्नको स्थिति, पुरुषहरुको महिला प्रति सहयोगको अवस्था, आम्दानी, खर्च लगायतका ग्रामीण अर्थ व्यवस्थाको सम्बन्ध र यसले समाजमा के कस्तो प्रभाव पारेकोछ, त्यसको बारेमा प्रष्ट पार्ने प्रयास गरिएको छ । जसले महिलाहरुको अर्थ व्यवस्थामा भएको पहूँच तथा अवस्थालाई देखाउँछ । यस अध्ययनको बिषय वस्तुलाई तल उल्लेख गरिएको छ ।

## ६.१ पेशागत अवस्था

जिवीकोपार्जनको लागि गरिने विभिन्न आर्थिक क्रियाकलाप नै पेशा हो । कतिपय जातीको पुर्ख्यौली पेशा हुन्छ भने कतिपयले जे भेट्यो त्यही काम गरि आर्थिक उपार्जन गर्दछन् । विकसिम राष्ट्रमा नोकरी, सेवा तथा उद्योग तिर जनसंख्याको ठूलो हिस्सा लागि परकौ भएपनि गरीव तथा विकासोन्मुख मुलुकमा पुर्ख्यौली पेशा परम्परागत रुपमा गरकौ जनसंख्या बढी भेटिन्छ । आर्थिक पछौटेपनले घेरकौ हाम्रो देशमा बाह्रै महिना कामगरेर पनि छ महिना सम्म मात्रै खान पुग्ने जनसंख्या अधिक छ । अध्यनयको क्रममा यस गोदावरी गा.वि.स.का तामाङ जाति महिलाहरुको मुख्य पेशा कृषि रहेको पाइयो । कृषि बाहेक ज्यालामजुदरी, नोकरी तथा व्यवसाय यिनीहरुको अन्य पेशा हो । अध्ययन क्षेत्रको स्थलगत सर्वेक्षणवाट प्राप्त पेशागत तथ्याङ्कलाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।

## उत्तरदाता तामाङ महिलाहरुको पेशागत वर्गिकरण

तालिका नं. १८

| स्रि.नं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| | कृषि | २१ | ६५.६२ |
| २. | मजदुरी | ३ | ९.३८ |
| ३ | नोकरी | ४ | १२.५० |
| ४ | व्यवसाय | ४ | १२.५० |
| जम्मा | | ३२ | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार कूल ३२ जना उत्तरदाता महिला मध्ये सबैभन्दा धेरै महिलाको पेशा कृषि रहेको पाइयो जुन २१ जना अर्थात ६५% रहेको पाईयो । त्यसरी नै ज्याला मजदुरीलाई आफ्नो पेशाको रुपमा अंगालेका महिलाहरुको संख्या ३ अर्थात ९.३८% रहेकोमा नोकरी तथा व्यावसाय गर्ने महिलाहरुको संख्या ४, ४ जना अर्थात १२.५% रहेको पाईयो । यसरी अधिकांश महिलाहरुको पेशा कृषि हुनुको प्रमुख कारण उनीहरुमा शिक्षाको अभावले गर्दा नै हो । शिक्षाको अभावले गर्दा रोजगारी पाएका महिलाहरुले पनि निम्न स्तरको रोजगारी मात्र पाएको कुरा अध्ययनका क्रममा देखिएको छ । उनीहरु पार्वल फ्याक्ट्री तथा नर्सरीमा पनि निम्न स्तरमा कार्यरत रहेको कुरा अध्ययनका क्रममा बताए ।

## उत्तरदाता तामाङ महिलाको परिवाकरो पेशाको बिवरण

उत्तरदाता तालिका नं. १९

| पेशाको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ५ | १५.६३ |
| मजदुरी | ३ | ९.३८ |
| नोकरी | १२ | ३७.५ |
| ब्यापार / व्यवसाय | १२ | ३७.५ |
| जम्मा | ३२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका अनुसार सबैभन्दा बढी उत्तरदाता महिलाको पारिवारिक पेशाको रुपमा नोकरी तथा ब्यापार ब्यवसाय रहेको पाइयो । कुल उत्तरदाता मध्ये १२-१२ जना अर्थात ३७.५% उत्तरदाताको पारिवारिक पेशा नोकरी तथा ब्यापार व्यवसाय रहेको पाइयो । त्यसरी नै ५ जना अर्थात १५.६३% उत्तरदाता महिलाहरुको पारिवारिक पेशा कृषि रहेकोमा ज्याला मजदुरीलाई आफ्नो पारिवारिक पेशाको रुपमा अंगालेको महिलाहरुको परिवार संख्या ३ अर्थात ९.३८% रहेको पाइयो ।

## ६.२ भू-स्वामित्वको स्थिति

यस अध्ययनका क्रममा उत्तरदाता महिलाहरुो प्रमुख पेशा कृषि देखिएबाट पनि उनीहरुको भू-स्वामित्वको अवस्थाको बारेमा जानकारी हुनु अत्यावश्यक देखिन्छ । नेपालको संविधान अनुसार महिला र पुरुषलाई समान भनेर ब्याख्या गरिएको भएतापनि यो कुरा ब्यवहारमा भने लागु भएका पाइदैन । कुल जनसंख्याको नाममा अत्यन्त न्यून सम्पत्ति रहेको पाइन्छ । तसर्थ यस शीर्षक अन्तर्गत उत्तरदाता महिलाको पारिवारिक भू-स्वामित्वको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

उत्तरदाता तामाङ महिलाको परिवारको जग्गाको विवरण

तालिका नं. २०

| जग्गा रोपनीमा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १ रोपनीभन्दा कम | ६ | १८.७५ |
| १ देखि २ रोपनी | ३ | ९.३६ |
| २ देखि ३ रोपनी | ८ | २५.०० |
| ३ देखि ४ रोपनी | ५ | १.६३ |
| ४ देखि ५ रोपनी | ३ | ९.३६ |
| ५रोपनी भन्दा माथी | ७ | २१.८९ |
| जम्मा | ३२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण ,२०६५ ।

माथिको तालिका अनुसार परिवारमा भन्दा बढी जमिन हुने उत्तरदाताको संख्या ७ अर्थात २१.८९% मात्र भएको र बढीमा ७ रोपनी जग्गा एउटा परिवारको पाइएबाट पनि उत्तरदाता महिलाहरुको पारिवारिक भू-स्वामित्वको अवस्था दयनिय नै दखिन्छ । त्यसको अलावा कूल ३२ जना उत्तरदाता मध्ये १ जना उत्तरदाता( विधवा) को नाममा मात्र एउटा घर र तीन रोपनी जग्गा भएको पाइएबाट पनि अध्ययन क्षेत्रका महिलाहरु सम्पत्तिको पहूँचबाट टाढै रहेको कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

## ६.३ पारिवारिक वार्षिक आम्दानीको बिवरण

यस अध्ययन क्षेत्रका तामाङ जाति महिलाहरु कृषि, पशुपालन, श्रमिक, ज्यालामजदुरी, बालुवा निकाल्ने जस्ता कार्य गरि आय आर्जन गर्ने गरेको पाइयो । स्थलगत सर्वेक्षणमा उत्तरदाता महिलाहरुको उत्तरको आधारमा उनीहरुको बार्षिक आम्दानी निम्न अनुसार पाइयो जसलाई ताकिलाद्वारा तल प्रस्तुत गरिउको छ ।

उत्तरदाता तामाङ महिलाहरुको पारिवारिक वार्षिक आम्दानीको विवरण

तालिका नं. २१

| सि.नं. | बार्षिक आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-५०,०००।- | ४ | १२.५ |
| २ | ५०,०००-८०,००० सम्म | १० | ३१.२५ |
| ३. | ८०,०००-१,१०,००० सम्म | ८ | २५.५३ |
| ४ | १,१०,००० देखि १,४०,०० सम्म | ४ | १२.५ |
| ५ | १,४०,००० भन्दा माथि | ६ | १८.७५ |
| जम्मा | | ३२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार रु. पचासहजार सम्म आम्दानी हुने उत्तरदाता महिलाहरुको घरसंख्या ४ अर्थात १२.५%, रु.पचास देखि असीहजार सम्म आम्दानी हुने उत्तरदाता महिलाको परिवार संख्या १० अर्थात ३१.२५%, रु.असी हजारदेखि रु.एकलाख दशहजार सम्म आम्दानी हुने परिवार संख्या ८ अर्थात २५.५३%, रु.एकलाख दशहजार देखि एकलाख चालिसहजार सम्म बार्षिक आम्दानी हुने परिवार संख्या ४ अर्थात १२.५% रहेकोमा रुएकलाख चालिसहजार भन्दा बढी आम्दानी हुने परिवार संख्या ६ अर्थात १८.७५% रहेको पाईयो । यसरी समग्रमा तामाङ जाति महिलाको पारिवारिक वार्षिक आयको अवस्था सन्तोषप्रद नैरहेको मान्न सकिन्छ ।

## ६.४ पारिवारिक वार्षिक खर्चको विवरण

यस अध्ययन क्षेत्रका उत्तरदाता तामाङ जाति महिलाहरुको नगद आम्दानीको प्रमुख श्रोतहरुमा कृषि, पशुपालन, ज्याला मजदुरी, माछा पार्ने र बालुवा चाल्ने जस्ता कार्यहरु रहेको पाइयो भने खर्चमा रासायनिक मल, बीउबीजन, किटनाशक औषधी, आद्यान्न, लत्ता कपडा खरीद, शिक्षा, औषधी उपचार, यातायात, मालपोत, सामाजिक कियाकलाप, घरमर्मत तथा सुधार आदि पाइयो । उत्तरदाता महिलाहरुको उत्तरको आधारमा उनीहरुको बार्षिक खर्चलाई निम्न अनुसार तालिकामा वर्गीकरण गरेर देखाउने प्रयास गरिएको छ ।

उत्तरदाता तामाङ महिलाहरुको बार्षिक खर्चको बिवरण

तालिका नं.२२

| सि.न. | बार्षिक खर्च | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु.५०,००० सम्म | ५ | १५.६३ |
| २ | रु.५०,०००-८०,००० सम्म | १५ | ४६.८६ |
| ३ | रु.८०,०००-१,१०,००० सम्म | ९ | २८.१३ |
| ४ | रु.१,१०,००० भन्दा माथी | ३ | ९.३७ |
| जम्मा | | ३२ | १००.०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार कुल ३२ जना उत्तरदाता महिलाहरुमा गरिएका स्थलगत सर्वेक्षणवाट रु.पचासहजार सम्म खर्चहुने उत्तरदाता महिलाहरुको घर संख्या ५ अर्थात १५.६३%, रु.पचासहजारदेखि असीहजार सम्म खर्च हुने परिवार १५ अर्थात ४६.८६%, रु.असीहजार देखि एकलाख दशहजारसम्म खर्च हुने परिवार ९ अर्थात २८.१३% र रु.एकलाख दशहजार भन्दा माथि खर्च हुने परिवार ३ अर्थात ९.३७% रहेको देखियो । यसरी समग्रमा भन्नु पर्दा धेरैजसो उत्तरदाता महिलाहरुको बार्षिक व्यय आयभन्दा कम नै रहेको पाइयो जसले उनीहरुमा वचतको अवस्था रहेको पाइयो । पारिवारिक आर्थिक अवस्था जस्तो भएपनि उत्तरदाता महिलाहरु आर्थिक रुपले आत्मनिर्भर भने नरहेको कुरा अध्ययनको क्रममा पत्ता  लाग्यो ।

## ६.५. निर्णय प्रकृयाः

हाम्रो समाज जहां नारीलाई दोश्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ त्यहां उनीहरुको सुझाव सल्लाहलाई पनि झिनो फितलो रुपमा लिईन्छ । पारिवारिक निर्णय गर्ने कार्यमा धार्मिक रुपमा महिलालाई उच्च स्थान दिएता पनि व्यवहारिक रुपमा तिनिहरु तल्लो स्थानमा रहेका छन् । महिलाहरुको सामाजिक र आर्थिक अवस्थाले उनीहरुको निर्णय प्रकृयामा आशिंक सहभागिता रहेको पाइन्छ । त्यसैले भन्न सकिन्छ कि सामाजिक र आर्थिक भुमिकाले निर्णय दिने अधिकारलाई प्रभाव पारेको हुन्छ । घरमुलीमा पुरुष नभएको अवस्थामा महिलाहरुले निर्णय लिन्छन् भने धेरैजसो दम्पत्ती मिलेर संयुक्त रुपमा पारिवारिक आथिर्क निर्णय तथा सामाजिक निर्णय गरेको पाईन्छ । यस अध्ययनमा नमुना छनौटमा परेका महिलाहरुको निर्णय प्रकृयालाई यसरी तालिकामा देखाउन सकिन्छ ।

पारिवारिक निर्णयमा तामाङ महिलाको संलग्नता

तालिका नं. २३

| सि.न. | संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्ण संलग्नता | १ | ३.१३% |
| २ | आंशिक रुपमा संलग्नता | २६ | ८१.२५% |
| ३ | संलग्नता नै नहुने महिला | ५ | १५.६२% |
| | जम्मा | ३२ | १००% |

श्रोतः स्थलगत सर्बेक्षण २०६५

माथिको तालिका वाट के स्पष्ट हुन्छ भने १ जना अर्थात ३.१३% महिलाले आफ्नो घरमा निर्णय गर्ने गरेको पाईयो जसमा घरको सर सल्लाह, किनवेच, लेनदेन, शिक्षादिक्षा वजारमा किनमेल गर्ने इत्यादी पर्न आउदछ । यस्तै ८१.२५% महिलाहरु चाही आंशिक रुपमा निर्णय गर्नेमा संलग्न रहेको पाईयो । जसमा उनीहरुको निर्णय सहायक हुने र कतिपय अवस्थामा चाहि उनीहरुको निर्णयलाई महत्व दिएको देखियो । जुन घरमा महिलाहरु छन् त्यस घरपरिवारमा आशिंक रुपमा निर्णय दिएको पाईयो भने अशिक्षित निरक्षर र एकदमै कम पढेका महिला भएको घरमा घरको मुली श्रीमान तथा सासु ससुरा वा अन्य संरक्षकले निर्णय गर्ने गरेको पाईयो । त्यसकारण त्यस्तो परिवार अर्थात संलग्न नै नहुने महिलाहरु ५ जना अर्थात १५.६२% रहेको पाईयो ।

यसवाट के स्पष्ट हुन्छ भने शिक्षित महिलाहरुले पुर्ण रुपमा निर्णय लिएको पाईयो भने अशिक्षित निरक्षर महिलाहरुले पारीवारिक निर्णय प्रकृयामा आंशिक वा संलग्नता नै हुनु नपाएको पाईयो ।

## ६.६ उत्तरदाताहरुको आफ्नो आम्दानी खर्च गर्ने सम्वन्धमा निर्णय :

हाम्रो समाजमा नारीको निर्णयको हैसियतलाई विना सर्वेक्षण गरी गतिदिनु एक चुनौतीको कुरा हुन आउंदछ । नारीले निर्णय गरेको वा दिएको विरलै देख्न र सुन्न पाईन्छ । परिवारमा आय आर्जनको प्रमुख श्रोतको रुपमा महिलाहरु रहेको हुन्छन् तर पनि उनीहरुले आफ्नो आम्दानी खर्च गर्न पाएका हुंदैनन यसै सन्दर्भमा अनुसन्धानको क्रममा अनुसन्धान कर्ता उत्तरदातालाई तपाईले गरेको आम्दानी तपाई खर्च गर्न केही किन्न पाउनु हुन्छ कि हुंदैन भन्ने प्रश्नमा उनीहरुले दिएको जवाफ तल तालिकामा प्रष्ट पारिएको छ ।

उत्तरदाताहरुको तामाङ महिलाहरुको निर्णय क्षमता

तालिका नं. २४

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सोध्नु पर्छ | २९ | ९०.६३ |
| २ | सोध्नु पर्दैन | ३ | ९.३७ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्बेक्षण २०६५

माथिको तालिकावाट यो झल्कन्छ कि यहांका ९०.६३% महिलाहरु परतन्त्र अथवा स्वतन्त्र छैनन यिनिहरुले हालसम्म परिवारमा प्रमुख पात्रको रुपमा रहेको पाईदैन उनीहरुको परिवारमा कुनै निर्णय पहुंच छैन । लोग्ने सासु ससुरा छोरा आदीबाट अनुमती लिएर मात्र आर्थिक निर्णय गर्न पाउंदछन् जसमा ९.३७% ले मात्र आफनो स्वतन्त्र भएर निर्णय गर्न सक्ने जनाएका छन् ।

## ६.७.: उत्तरदाताहरुमा परिवार नियोजन सम्वन्धी निर्णयः

परिवार नियोजनले महिलाहरुको स्वास्थ्य अवस्था, सामाजिक तथा आर्थिक अवस्थाको साथसाथै उनीहरुको चेतना पनि बुझाउंदछ । स्वास्थ्य र सक्षम महिला हुनका लागी उनीहरुको स्वास्थ्यताको आवश्यकता पर्दछ । जुनकुरा परिवार नियोजन र विभिन्न साधनहरुले प्रत्यक्ष प्रभावकारी रहेको हुन्छ । नारी केवल एक श्रीमती, वुहारी, दिदी, वहिनी नभई एक आमा पनि हो आमा हुन पाउनु महिलाको एकलौटी तथा जन्मसिद्ध अधिकार पनि हो आफुले गर्भधारण गरेपछि नौ महिना पेटमा राखेर अत्यन्त पिडाका साथ नारीले एक सिसुलाई जन्म दिएकी हुन्छीन यति हुंदाहुंदै पनि एक महिलाले परिवार नियोजनमा समेत आफ्नो निर्णय दिन सक्दिनन । अनुसन्धान कर्ताले नमुना छनौटमा परेका महिलाहरुसंग परिवार नियोजनमा कसको निर्णय हुन्छ भन्ने प्रश्नको जवाफमा उनीहरुको प्रतिउत्तरलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

परिवार नियोजनमा उत्तरदाता तामाङ महिलाहरुको निर्णय क्षमताः

तालिका नं. २५

| सि.न. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमान | ९ | २८.१३ |
| २ | सासु ससुरा | २ | ६.२५ |
| ३ | आफुले | १ | ३.१३ |
| ४ | दुवैले | २० | ६२.४९ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्बेक्षण २०६५

माथिको तालिकामा परिवार नियोजन गर्ने सम्वन्धमा के कति सन्तान जन्माउने जस्ता कुरामा महिलाहरुको निर्णय क्षमता के कति हुन्छ भन्दा सवैभन्दा वढी ६२.४९% दुवैजना (श्रीमान श्रीमती) को निर्णयले हुन्छ भन्ने जवाफ आयो भने २८.१३% ले श्रीमानको निर्णयले हुन्छ भन्ने जवाफ दिए भने आफ्नो एकलौटी निर्णयमा हुने गर्दछ भनी ३.१३% ले जवाफ दिए त्यसै गरी करीव ६.२५% ले चाहिं परिवार नियोजनमा सासु ससुराको समेत निर्णय महत्वपुर्ण हुन्छ भन्ने जवाफ दिएमा थिए ।

## ६.८ उत्तरदाताहरुको सन्तानको भविष्य सम्वन्धि निर्णयः

महिलाले अत्यन्त पिडा सहित एक सिसुलाई जन्म दिएकी हुन्छिन् तर पनि सानैदेखि उसको पढाई, लेखाई, विवाह, स्याहार सुसार आदीमा समेत महिलाहरुको निर्णय रहेको हुंदैन । अध्ययन क्षेत्रका महिलाहरुलाई तपाई आफ्नो सन्तनको भविष्यवारे निर्णय लिनु हुन्छ भन्ने प्रश्नमा उनीहरुले जवाफ यस प्रकार दिएका छन्

सन्तानको भविष्यको निर्णयः

तालिका नं. २६

| सि.नं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लिन्छु | ११ | ३४.३८ |
| २ | लिन्न | २१ | ६५.६२ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्बेक्षण २०६५

यस तालिकामा सन्तानको भविष्यको कुनै पनि निर्णयमा महिलाको सहभागीता न्यून रहेको पाईयो जुन ३४.३८% रहेको पाईयो भने ६५.६२% ले आफुले निर्णय नलिई सन्तानको हरेक कुरामा घरपरिवारवाट निर्णय लिने गरेको छन् भन्ने जवाफ पाईयो ।

## ६.९: उत्तरदाताहरुको कृषि कार्यमा निर्णयः

नेपालको सन्दर्भमा कृषिमा महिलाहरुको सहभागिता ८० प्रतिशत रहेको छ कृषि कार्यमा शुरुदेखि अन्त्यसम्म महिलाहरुको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिता रहेको हुन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका महिलाहरुलाई कृषि कार्यमा जस्तै विउ किन्ने, खेताला खोज्ने, लगाउने, पानी लगाउने, कुनवेला के वाली लगाउने भन्ने सम्वन्धमा तपाईको निर्णय हुन्छ कि हुंदैन भनी सोधिएको प्रश्नको जवाफमा उनीहरुको उत्तरलाई तल दिएको तालिकामा प्रष्ट पारिएको छ ।

कृषिमा निर्णय क्षमता

तालिका नं. २७

| सि.नं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफै | २ | ६.२५ |
| २ | परिवारका सदस्य | ५ | १५.६२ |
| ३ | संयुक्त रुपमा | २५ | ७८.१३ |
| | जम्मा | ३२ | १०० |

श्रोतः स्थलगत सर्बेक्षण २०६५

माथिको तालिकावाट के देखिन्छ भने छोराहरुसंग वसेका महिलाहरुले अनुभवको कारणले गर्दा आफुले निर्णय गर्ने गरेका जुन २ जना अर्थात ६.२५% पाईयो । त्यसै गरी देश घुमेका मान्छेहरु उनीहरुलाई वढी थाहा हुन्छ भनेर उनीहरुले निर्णय गर्दा राम्रो नि भनी परिवारका सदस्यहरुले निर्णय गर्दछन् नि भन्ने १५.६२% रहेको पाईयो भने हामी घरमा वसि कृषि कार्य गर्ने हामीहरुलाई यो थाहा छ के कस्तो गर्नु पर्छ भनी आत्मा विश्वासी जवाफ दिने ६८.१३% देखियो ।

## ६.१०: पारिवारिक निर्णयमा महिलाको स्थान

निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता उनीहरुको सामाजिक र आर्थिक अवस्था अनुसार पनि फरक फरक हुन्छ । विवाह अगाडी निर्णय प्रक्रियामा कम सहभागिता हुनु र विवाह पछाडी वढी सहभागिता हुनु भनेको यसको ज्वालन्त प्रमाण हो । अर्को तिर ग्रामीण समाजमा भन्दा शहरी समाजमा महिलाको निर्णय प्रक्रियामा वढी सहभागिता देखिएको छ । पुरुष घरमा नभएका महिलाहरुले आफैले विभिन्न घरायसी निर्णयाहरु गरेको पाइन्छ । भने सवेभन्दा वढी श्रीमान र श्रमिती मिलेर संयुक्र रुपमा आर्थिक लगायत विभिन्न पारिवारिक निर्णयाहरु गरेको पाइन्छ । पारिवारिक निर्णया अध्ययन क्षेत्रका महिलाहरुको के कस्तो भूमीका र स्थान रहेको छ भन्ने कुरा तलको तालिकामा प्रस्तु गरिएको छ ।

पारिवारिक निर्णय प्रकृयामा तामाङ महिलाहरुको स्थान

तालिका नं. २८

| सि.न. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्णरुपले संलग्नता हुने | ५ | १५.६२ |
| २ | आंशिकरुपले संलग्नता हुने | २० | ७२.२५ |
| ३ | संलग्नता नै नहुने | ७ | २१.८८ |
|  | जम्मा |  | १०० |

श्रोतः स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अनुसार कुल ३२ जना उत्तरदाता महिलाहरु मध्ये ५ जना अर्थात १५.६२%ले आफुहरु पारिवारिक निर्णय प्रक्रियामा पुर्ण रुपले संलग्नता हुने गरेको वताए भने आंशिक रुपमा मात्र संलग्नता हुने गरेको वताउने उत्तरदाताहरु २० जना अर्थात ७२.२५% रहेको पाईयो । त्यसरी नै निर्णया प्रक्रियामासंलग्नता नै नहुने उत्तरदाताहरुको संख्या ७ अर्थात २१.८८ % रहेको पाईयो ।

# अध्याय : सात
# सारांश र निस्कर्ष

## ७.१ सारांश

विश्वको कूल जनसंख्याको आधा जनसंख्या महिलाहरुले ओठटेको भएतापनि उनीहरुले समाज तथा राष्ट्रको विकासमा समान सहभागिता देखाउन सकिरहेका छैनन् । उनीहरुको सामाजिक र आर्थिक अवस्था कमजोर छ । महिलाहरुको सामाजिक र आर्थिक अवस्थामा परिवर्तन गराउन नेपाल सरकार एवं विभिन्न गैह्र सरकारी संघ संस्थाहरु निरन्तर लागिरहेका छन्, तैपनि उनीहरुको उत्थान हुन सकिरहेको छैन । महिला र पुरुष बीच विभेद कायमै छ । वि.सं.२०५८ सालको जनगणना अनुसार नेपालमा कूल जनसंख्याको ५०.०५ प्रतिशत महिलाहरु रहेका छन् । यसरी महिलाहरु सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा पछाडि पर्नुको कारण उनीहरु घरदेखि बाहिरको काममा कम संलग्न हुनु, शिक्षा, स्वास्थ्य, संपत्ति र रोजगारीको अवसरबाट बन्चित हुनु तथा खाना पकाउने लुगा हुने, घर सफा गर्ने बच्चा हेर्ने जस्ता अदृश्य मूल्य नपाउने कामहरु मात्र गर्नाले हो । वास्तवमा भन्ने हो भने आर्थिक अवस्था सुदृढ बनाउन महिलाहरुले पुरुषले भन्दा बढी  श्रम र मेहनत गर्दछन् । तर महिलाहरुले गरेको यस्ता अदृश्य कार्यहरुको कुनै पनि मूल्याङ्कन गरिदैन । यसको अलावा उनीहरुको भूमिकालाई साहयकको रुपमा राखिन्छ । तर परिवार, समाज तथा राष्ट्रको आर्थिक अवस्था परिवर्तन गराउनमा उनीहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ ।

यो अध्ययन गोदावरी गा.वि.स.का तामाङ जातिका महिलाहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थाको बारेमा केन्द्रित छ । तामाङ जातिका महिलाहरु शैक्षिक, सामाजिक तथा आर्थिक दृष्टिकोणले पछाडि परेका छन् । यस अध्ययनको लागि केही पूर्व प्रकाशित लेख, रचना, साहित्य, शोधपत्र र कृतिहरुको समीक्षा गरिएको छ ।

प्राथमिक र द्वितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको यस अध्ययनलाई अन्वेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरि प्रस्तुत गरिएको छ । अनुसन्धानकर्ता स्वयं तामाङ महिलाहरुको बारेमा जानकारी राख्न इच्छुक भएको र यस अध्ययन क्षेत्रको तामाङ जातिका महिलाहरुको सामाजिक, तथा आर्थिक अवस्थाको बारेमा हालसम्म अध्ययन नभएको कारण उक्त तामाङ गाउँलाई अध्ययनको लागि छनौट गरिएको हो । यस अध्यनयको लागि गोदावरी गा.वि.स.को वडा नं. ५,६ र ७ को गरि जम्मा ३२० तामाङ घरधुरी मध्ये ३२ घरधुरीलाई नमूना छनौट गरिएको छ जुन समग्रताको १० प्रतिशत हुन आउँछ ।

तथ्याङ्क संकलन गर्न शोधकर्ता स्वयंबाट घरधुरी सर्वेक्षण, अवलोकन, मुख्य व्यक्तिसंगको अन्तरवार्ता आदिको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कलाई संपादन गरि विषय अनुसार छुट्टाछुट्टै रुपमा बर्गीकरण गरिएको छ ।

अध्ययन गरिएका ३२ घरपरिवारमा उमेरको आधारमा २० देखि ३० वर्ष उमेर समूहमा ७ जना अर्थात २१.८८ % , ३० देखि ४० वर्ष उमेर समूहमा ८ अर्थात २५.० %  र ४० देखि ५० वर्ष उमेर समूह र ५० देखि ६० वर्ष उमेर समूहमा ७, ७ अर्थात दुवैमा २१.८८ %  रहेको पाईयो भने ६० वर्ष भन्दा बढी उमेर समूहमा ३ जना अर्थात् ९.३६ % रहेको पाइयो ।

उत्तरदाता महिलाहरुको परिवारलाई उमेरगत आधारमा वर्गिकरण गर्दा ०-५ वर्ष उमेर समूहमा पुरुष ६ अर्थात ७.५९% र महिला ७ अर्थात ८.४३ % गरी जम्मा १३ जना अर्थात ८.०२% रहेको पाइयो । त्यसरी नै ६-१५ वर्ष उमेर समूहमा पुरुष २४ अर्थात ३०.३८% र महिला २४ अर्थात २८.९२ % गरि जम्मा ४८ जना अर्थात २९.६३ % रहेको पाईयो भने १६-५९ वर्ष उमेर समूहमा पुरुष ४६ अर्थात ५८.२३ % र महिला ४८ अर्थात ५६.८३% गरी जम्मा ९४ जना अर्थात ५८.३% रहेको पाइयो । ६० वर्ष भन्दा बढी उमेर समूहमा पुरुष ३ अर्थात ३.८०% र महिला ४ अर्थात ४.८२ % गरी जम्मा ७ जना अर्थात ४.३२ % रहेको पाइयो ।

उत्तरदाता महिलाको परिवारको किसिमलाई अध्ययन गर्दा कूल ३२ परिवार मध्ये २६ अर्थात ८१.२४% एकात्मक परिवार पाइयो भने ६ अर्थात १८. ७५% संयुक्त परिवार रहेको पाइयो । अध्ययन क्षेत्रमा नमुना छनौटमा परेका परिवार मध्ये वृहत परिवारमा बसोवास गर्ने परिवार संख्या शून्य पाइयो । त्यसरी नै उत्तरदाताहरुको परिवारको आकारलाई हेर्दा १-४ जना परिवार संख्या भएका उत्तरदाताहरुको संख्या १० अर्थात ३१.२५% रहेको पाइयो भने ५-१० जना सदस्य संख्या हुन उत्तरदाताको संख्या २२ अर्थात ६८.७५% रहेको पाइयो ।

वैबाहिक स्थितिका आधारमा हेर्दा ३२ जना उत्तरदाता मध्ये २६ अर्थात ८१.२५%ले मागी,विवाह र ६ जना अर्थात् १८.७५%ले प्रेम विवाह गरेको पाईयो भने चोरी, जारी विवाह गर्ने उत्तरदाता महिलाको संख्या शून्य रहेको पाइयो । त्यसरीनै उत्तरदाता महिलाहरुको बिवाह गर्दाको उमेर अनुसार उनीहरुलाई वर्गिकरण गर्दा १५ वर्ष भन्दा कम उमेरमा विवाह भएका उत्तरदाता महिलाहरुको संख्या १६ अर्थात ५०% रहेकोमा १६-१७ वर्षको उमेरमा विवाह गरेका महिलाको संख्या ६ अथर्थात १८.७५% रहेको पाइयो । १८-१९ वर्षको उमेरमा आफ्नो विवाह भएको बताउने उत्तरदाता महिलाहरुको संख्या ७ अर्थात २१.८८% भएकोमा २० वर्ष भन्दा बढी उमेर भएपछि विवाह गरेका महिलाको संख्या ३ अर्थात ९.३७% रहेको पाइयो । विवाह गर्न उपयुक्त उमेर कुन हो भनेर सोधिएको प्रश्नमा २० वर्ष भन्दा बढी उमेरलाई विवाह गर्नको लागि उपयुक्त उमेर मान्ने महिलाहरुको संख्या २५ अर्थात ७८.१२% रहेकोमा १८-१९ वर्षको उमेर विवाह गर्नको लागि उपयुक्त उमेर भएको बताउने उत्तरदाता महिलाहरुको संख्या ७ अर्थात २१.८८% रहेको पाइयो ।

उत्तरदाता महिलाहरुको शैक्षिक स्थितिलाई हेर्दा निरक्षर संख्या १९ अर्थात ५९.३८% रहेकोमा साक्षर संख्या १३ अर्थात ४०.६२% रहेको पाइयो । नमुना छनौटमा परेका कुनैपनि महिलाहरुले एस.एल.सी.सम्मको अध्ययन पनि पुरा नगरेको कुरा अध्ययनका क्रममा पत्ता लाग्यो । यसरी उत्तरदाता महिलाहरुको शैक्षिक अवस्था कमजोर हनुमा जनचेतनाको अभाव तथा सानै उमेरमा विवाह हुनु नै प्रमुख कारणको रुपमा रहेको कुरा उत्तरदाता महिलाहरुले बताए । उत्तरदाता महिलाको शैक्षिक अवस्थाको तुलनामा पारिवारिक शैक्षिक अवस्था भने केही राम्रो रहेको पाइयो । शिक्षा हासिल गर्ने उमेर पुगेका कुल १४९ जनसंख्या मध्ये पुरुषको संख्या ७३ र महिलाको संख्या ७६ रहेको पाइयो । कूल ७३ पुरुष मध्ये २१ अर्थात २८.७८% निरक्षर भएकोमा साक्षर पुरुषहरुको जनसंख्या २५ अर्थात ३४.२४% रहेको पाईयो । त्यसरी नै प्राथमिक तह सम्मको शिक्षा हासिल गरेको पुरुषको संख्या १३ अर्थात १७.८१% र माध्यामिक तहसम्म अध्ययन गरेका पुरुषको संख्या ८ अथात १०.९५% भएकोमा उच्च शिक्षासम्म अध्ययन गरेका पुरुषहरुको संख्या ६ अर्थात ८.२२% मात्र रहेको पाइयो । त्यसरी नै कुल ७६ महिलाहरु मध्ये निरक्षर महिलाहरुको संख्या ३२ जना रहकौ पाइयो जुन प्रतिशतमा भन्नु पर्दा ४२.११% हुन आउँदछ । साक्षर महिलाहरुको संख्या ३१ अर्थात ४०.७९ % भएकोमा प्राथमिक

तहसम्मको अध्ययन गर्ने महिलाहरुको संख्या ३ अर्थात ३.९५% रहेकोमा उच्चशिक्षा हासिल गर्ने महिलाको संख्या १ अर्थात १.३१% रहकेो पाइयो ।

अध्ययनको क्रममा स्वास्थ्यप्रति उत्तरदाता महिलाहरुको अवधारणा बुझ्नको लागि उनीहरुले उपचार गर्न जाने ठाउँका वारेमा प्रश्न गरिएको थियो । नमूना छनौटमा परेका कुल ३२ उत्तर दाता महिलामध्ये २० जना अर्थात ६२.५% ले उपचार गर्नको लागि अस्पतालमा मात्र जाने गरेको बताए भने जम्मा २ जना अर्थात ६.२५ % उत्तरदाताले झारफुकमा मात्र विश्वास गर्ने गरेको बताए । यसका अलावा अस्पताल र डाक्टरलाई विश्वसनीय उपचारको प्राथमिकतामा पारेको भएतापनि झारफुकमा समेत विश्वास गर्ने महिला उत्तरदाताहरुको संख्या १० अर्थात ३१.२५% रहेको अध्ययनका क्रममा पाइयो । त्यसरी नै प्रजनन विवरण महिला स्वास्थ्यको अर्को परिसुचकांक हो । उत्तरदाता महिलाको प्रजनन दरका सम्बन्धमा सोधिएको प्रश्नमा आफुले एक देखि २ सन्तान जन्माएको बताउने उत्तरदाता महिलाको संख्या १२ अर्थात ३७.५०% रहेकोमा ३ देखि ४ वच्चा जन्माउने महिला उत्तरदाताहरुको संख्या १४ अर्थौत ४३.७६% रहेको पाइएकोमा ५ जना भन्दा धेरै सन्तान जन्माउने उत्तरदाता महिलाहरुको संख्या ५ अर्थात १८.७५% रहेको पाइयो । उत्तरदाता महिलाहरुको स्वास्थ्य स्थिति पत्ता लगाउनकै लागि परिवार नियोजनको वारेमा उनिहरुको धारणा जान्ने प्रयत्न अध्यनयको कममा गरिएको थियो । यसै क्रममा हालसम्म परिवार नियोजनको कुनैपनि साधन प्रयोग नगरेको बताउने उत्तरदाता महिलाको संख्या ९ अर्थात २८.१२% रहेकोमा परिवार नियोजनको अस्थाइ साधन प्रयोग गर्ने महिलाको संख्या १३ अर्थात ४०.६३% र स्थायी साधन प्रयोग गर्नेको संख्या १० अर्थात ३१.२५% रहेको पाइयो ।

त्यसरी नै उत्तरदाता महिलाको संस्थागत संलग्नता र राजनैतिक संलग्नताका वारेमा सोधिएको प्रश्नको उत्तरमा कुनै पनि महिलाले आफु कुनै संस्था वा राजनैतिक गतिविधिमा संलग्न नभएको बताए ।

महिलाहरुको पारिवारिक निर्णय प्रकृयामा हुने संलग्नतालाई हेर्दा पूर्ण रुपमा संलग्न हुने महिलाहरु ५ जना अर्थात १५.६२%, आंशिक रुपमा संलग्न हुने महिलाहरु २० अर्थात ७२.२५% र संलग्न नै नहुने महिलाहरु ७.अर्थात २१.८८% रहेको पाइयो । निर्णय प्रक्रियामा रहेको अपर्याप्त संलग्नताबाट यस जातिमा लैङ्गिक असमानता रहेको कुरालाई पनि इंगित गर्दछ ।

अध्ययन क्षेत्रका महिलाहरुको पेशागत अवस्थालाई हेर्दा सबैभन्दा बढी अर्थात ६५.६२%को पेशा कृषि रहेको पाइयो । त्यसरी नं ९.३८% महिलाले ज्याला मजदुरीलाई आफ्नो पेशको रुपमा अंगालेकोमा नोकरी तथा व्यवसायलाई आफ्नो पेशाको रुपमा अंगालेको उत्तरदाता महिलाहरु १२.५०% रहेको पाइयो ।

पारिवारिक पेशाको रुपमा कृषिलाई अंगालेको उत्तरदाता महिला १५.६३% रहेकोमा मजदुरी, नोकरी तथा ब्यापार व्यवसायलाई पारिवारिक पेशाको रुपमा अंगाल्ने महिलाहरु क्रमश ९.३८, ३७.५ तथा ३७.५% रहेको पाइयो ।

भू-स्वामित्वको स्थितिलाई हेर्दा १८.६५% उत्तरदाता महिलाहरुको परिवारले १ रोपनी भन्दा कम जमिनमा आफ्नो गुजरा चलाएको पाइयो । १ देखि २ रोपनी सम्म जग्गा हुने परिवार ९.३५% भएकोमा २ देखि ३ रोपनी सम्म जग्गा हुने परिवार २५% रहेको पाइयो । त्यसरी नै १५.६%

उत्तरदाता महिलाहरुको परिवारको जग्गा जमिन ३.४ रोपनी रहेकोमा ४ देखि ५ रोपनी जग्गा भएका उत्तरदाता महिलाहरुको परिवार १५.६३% रहेको पाइयो । अन्त्यमा २१.८९% महिलाहरुको परिवारिक भू-स्वामित्वको अवस्था ५ रोपनी भन्दा माथि रहेको पाइयो । जसमध्ये १ परिावरकोमात्र ६ रोपनी जग्गा रहेको पाइयो । यसबाट पनि उत्तरदाता महिलाहरुको पारिवारिक भू-स्वभित्वको अवस्था दयनिय नै देखिन्छ । त्यसको अलावा कुल ३२ जना उत्तरदाता मध्ये १ जना उत्तरदाता (विधवा) को नाममा मात्र एउटा घर र तीन रोपनी पाइएबाट पनि अध्ययन क्षेत्रका महिलाहरु सम्पत्तिको पहुँचबाट टाढै रहेको  कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

अध्यनयको अन्त्यमा उत्तरदाता महिलाहरुको बार्षिक आम्दानी र खर्चको स्थिति हेर्ने प्रयास गरिएको थियो । जस अनुसार ३२ जना उत्तरदाता महिलाहरु मध्ये ० देखि ५०,००० सम्म वार्षिक आम्दानी हुने परिवार संख्या ४ अर्थात १२.५%, ५०,००० देखि ८०,००० सम्म बार्षिक आम्दानी हुने परिवार संख्या १० अथर्थात ३१.२५%, ८०,००० देखि ११०,००० सम्म आम्दानी हुने ८ अथर्थात २५.५३%, १,१०,००० देखि १,४०,००० सम्म आम्दानी हने ४ अर्थात १२.५% र रु.१,४०,००० भन्दा माथि आम्दानी हुने परिवार संख्या ६ अर्थात १८.७५% रहेको पाइयो । त्यसैगरि रु.५०,००० सम्म बार्षिक खर्च हुने परिवार संख्या ५ अर्थात १५.६३%, रु.५०,००० देखि ८०,००० सम्म खर्च हुने परिवार संख्या १५ अर्थात ४६.६%, रु.८०,००० देखि १,१०,००० सम्म खर्च हसुने परिवार संख्या ९ अर्थात २८.१३% र रु.१,१०,००० भन्दा माथि खर्च हुने परिवार संख्या ३ अर्थात ९.३७% रहेको पाइयो । आम्दानी तथा खर्चको तुलना गर्दा कुल ३२ मध्ये २० अर्थात ७२.५% उत्तरदाता महिलाको बार्षिक पारिवारिक आम्दानी भन्दा खर्च बढीहुने हुँदा बार्षिक आय वार्षिक व्यय धान्न अपुग हरेको अध्यनयका क्रममा पाइयो भने मात्र ३७.५% उत्तरदाताको आय व्यय भन्दा बढी हुनुका साथै थोरै भएपनि बचत गर्न सकेको अध्ययनका क्रममा पाइयो । रासायनिक मल, बीउबीजन, किटनासक औषधी, आद्यान्न, लत्ताकपडा, शिक्षा, औषधी उपचार, मालपोत, सामाजिक क्रियाकलाप, घर मर्मत एवं सुधार लगायतका विविध कृषिजन्य तथा गैह्र कृषिजन्य क्षेत्रमा खर्च हुने भएकोले पनि अधिकांसको आर्जित संपत्ति उक्त विविध शिर्षकमा खर्च गर्नको लागि अपुग भएको पाइयो ।

पारिवारिक निर्णय क्षमतामा पुर्ण रुपमा निर्णय संलग्नहरुको संख्या ३.१३% आंशिक निर्णय संलग्नता ८१.२५% भने निर्णय प्रकृयामा संलग्न नहुनेको संख्या १५.६२% रहेको पाईयो भने आफ्नो आम्दानी खर्च गर्न परिवारलाई सोध्नु पर्छ भन्नेको संख्या ९०.६३% र सोध्नु पर्दैन भन्नेहरुको संख्या ९.३७% रहेको भेटियो त्यस्तै परिवार नियोजन निर्णय प्रकृयामा श्रीमानले २८.१३% सासु ससुराले ६.२५% स्वयं महिलाले ३.१३% तथा दुवैले ६२.४९% निर्णय गर्ने गरेको पाईयो । त्यस्तै सन्तानको भविष्यमा ३४.३८% महिलाहरुले आफै निर्णय लिने गरेको देखियो भने ६५.६२% ले आफु यसवाट टाढा रहेको प्रतिकृया ब्यक्त गरे । त्यस्तै ६.२५% ले कृषि कार्यमा आफै निर्णय लिने १५.६२% ले परिवारका अन्य सदस्यहरुले र ७८.१३% ले संयुक्त रुपमा निर्णय गर्ने गरेको धारणा ब्यक्त गरे ।

## ७.२ निस्कर्ष

नेपालको कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेका महिला वर्गको सामाजिक तथा आर्थिक स्थिति कमजोर नै छ । जहाँ परम्पार देखि नै जरो गाड्दै आईरहेका सामाजिक,, सांस्कृतिक र धार्मिक मूल्य र मान्यताहरुले गर्दा अझ पनि नेपाली ग्रामिण महिलाहरु पूर्ण रुपमा स्वतन्त्र भएर आफ्नै स्वइच्छाले काम गर्न सकिरहेका छैनन् । आज उनीहरुले पुरुष सरह हक अधिकार पाउनु त कहाँ उनीहरुले झन् दासीको जीवन विताउनुपर्ने परिस्थिति कायमै रहेको छ । यसका अतिरिक्त महिलाहरु अर्धसामन्ती र अर्धपूँजीवादी सामाजिक मान्यताको कारणले उनीहरुलाई समाजमा दोश्रो, दर्जाको रुपमा राखिएको छ । नेपालमा विभिन्न कानूनहरुको निर्माण भएतापनि ती कानूनले महिालहरुलाई उपेक्षा गरेको देखिन्छ । किनकी हालसम्म पनि छोरीलाई परिवारको सदस्यको रुपमा इन्कार गरिएको छ । जसको परिणाम स्वरुप पराई घरलाई आफ्नो कर्मघरको रुपमा स्वीकार गर्नु नै पर्ने वाध्यता नेपाली महिलाहरुमा विद्यमान रहेको छ ।

अध्ययन क्षेत्रका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था कमजोर हुनाको प्रमुख कारण शिक्षा हो । प्रायःजसो महिलाहरु निरक्षर तथा उच्च शिक्षामा उनीहरुको पहुँच नपुग्नु नै पिछडिएको सामाजिक आर्थिक अवस्थाको प्रमुख कारण हो । सरकारी तथा गैह्र सरकारी संस्थाहरुद्वारा संचालित आयमुलक कार्यहरुमा महिला संलग्नता अन्यन्त न्यून रहेकोले नै उनीहरु घरायसी तथा कृषि कार्यमा संलग्न हुनुपर्ने वाध्यता रहेको पाइन्छ । जसले गर्दा घरबाहिरको कार्यबाट प्रत्यक्ष आर्थिक आर्जन गर्ने कार्यमा महिलाहरु पछि परेका छन् । घरायसी कार्यको बोझले गर्दा उनीहरुको सोचाईको क्षितिज साँघुरिएको छ जसको प्रत्यक्ष प्रभाव महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा परहेको छ ।

शिक्षाको स्तर माथि नउठनाले परिवारमा अझै पनि पुरानै कुसंस्कार र संस्कृतिले निरन्तरता पाइरहेको र महिलाहरुको निर्णय प्रक्रियामा कम संलग्नता देखिन्छ । यी विविधाका साथ साथै महिलाहरुको विकास वा उत्थानका लागि उनीहरुको पुरातन धारणामा केहि परिवर्तन आएको देखिन्छ । बिशेषगरि लवाईखवाई, खर्च गर्ने तरिका, भाषा, चाडपर्व, विवाहमा आदिमा परिवर्तन आएको पाइन्छ । कला, संस्कृति संस्कारहरु जातिय मात्र नभई राष्ट्रकै ठूला संपत्ति हुन् । यसरी मौलिक पहिचानलाई कायम राख्न सफल यस्ता धरोहरलाई आजैबाट संरक्षण गर्नुपर्ने आजको पहिलो आवश्यकता हो । यदि यस्ता संस्कृतिको संरक्षण नगरिनेहो भने हाम्रो मौलिक पहिचान समाप्त हुन्छ । त्यसैले पनि पिछडीएका, अभाव र गरिवीको चपेटामा परेका यी तामाङ्ग जातिका महिलाहरुलाई उत्थान गरि राष्ट्रिय विकासको मूलप्रवाहमा सक्रिय सहभागी गराउनु आजको पहिलो आवश्यकता भएको छ ।

# सन्दर्भ सामग्री


1. Acharya, M. (1981), Statistic Profile of Nepalese Women: Critical revies, Vol. 1 CEDA, Kathmandu.
2. Acharya, M. (1997), Gender equality and Empowerment of Women. Institute for intergrated development & Administration, Kathmandu.
3. Acharya, M. and L. Benett, (1981), Status of Women in Nepal: Institute for intergrated development & Administration, Kathmandu.
4. Sedon D. and P. Blaikie (1979), Peasant and Workers in Nepal, Vikash Publishing House Pvt. Ltd. Delhi
5. Desauza, Alfred (1980), Women in Contemporary India and South Asia. Manohar Publications, New Delhi.
6. Luitel, S. (1992), Women in Development, Kamali offset Printing Press, Kathmandu.
7. Neupane, M. (1995), Women's Involvement in Household Decision Making. Unpublished M.A. thesis submitted to the Department of Sociolog/Anthropology, Tri-Chandra Campus, Kathmandu.
8. Wolf,H.K. and Pant, P.R., A Hand Book for Social Science Research and Thesis Writing, Kha 1-1647,Ghattekulo,Dillibazar,Kathmandu.
9. UNDP (2002), Human Development Report. UNDP, New York.
10. UNDP (2005), Human Development Report.Poverty reduction and Governance, UNDP, Pulchock.
11. Fricke,T.E. (1994), Himalayan Households, Tamang Demography and Domestic Process, Columbia University Press.
12. Bennett, L. (2002), Dangerous Wives and Sacred Sisters, Social and Symbolic Roles of High Caste Women in Nepal, Mandala Book Point, Kathmandu
13. Vansittrt, E. (1906), Gurkhas, Asian Educational Services, New Delhi.
14. तमाङ, परशुराम,(२०५१): तामाङ जाति, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ, नेपाल ।
15. तमाङ,परशुराम,(२०६३): तामाङ जाति नयाँ सहस्राव्दी विकास एजेण्डा, प्रगति पुस्तक सदन, बागवजार, काठमाण्डौ, नेपाल ।
16. शर्मा, जनकलाल, (२०३९): हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन काठमाण्डौं ।

17. शर्मा, कमलराज,(२०६१): आधारभूत समाजशात्र तथा मनवशाष्त्र ।

18. केन्द्रिय तथ्यांक विभाग,(२०५८): राष्ट्रिय जन गणना, काठमाण्डौं ।

19. राष्ट्रिय योजना आयोग,(२००२-२००७): दशौं योजना, काठमाण्डौं ।

20. जि. वि. स. को कार्यालय,(२०५९): जिल्ला पार्श्व चित्र ,ललितपुर ।

21. गोदावरी गा. वि. स. को कार्यालय,(२०५९): गा. वि. स. वृत्तान्त, ललितपुर ।